# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल काठमाण्डौले जिल्ला प्रमुखलाई बुझायो ज्ञापन पत्र



काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल काठमाण्डौ जिल्ला समितिले जिल्लामा रहेका तमाम विषयलाई सम्बोधन गर्ने माग लिएर २०८२ असार ५ गते काठमाण्डौका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीलाई ज्ञापन पत्र बुझाएको छ। क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका पिविएम चिन्तामणि शर्मा ,जिल्ला सेक्रेटरी *बाँकी ७ पेजमा*


वर्ष १० अङ्क १ पूर्णाङ्क ४२७ | २०८२ असार ९ गते सोमबार | Monday 23 June, 2025 | पृष्ठ ८ | मूल्य रू. १०।–


# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालद्वारा देशैभर भ्रष्टाचारविरोधी अभियान उद्घाटन

काठमाडौ । यसअघि चैत्र ४ देखि बैशाख १८ सम्म चारवटा केन्द्रीय अभियान टोली बनाएर देशका करिब ६० वटा जिल्लामा 'जनसम्बन्ध विस्तार अभियान' सञ्चालन गरेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले असार ५ गतेदेखि देशैभरका ब्यूरो र अधिकांश जिल्लाहरूमा एकसाथ अभियान उद्धाटन गरेको छ। पार्टीका स्थायी समिति सदस्यहरू, पोलिटब्यूरोका सदस्यहरू, केन्द्रीय सदस्यहरू र जबस मोर्चाका नेताहरू ब्यूरो र जिल्लाका अभियान उद्धाटन कार्यक्रमहरूमा सहभागि भएका छन् । देशव्यापी रूपमा उत्साहपूर्वक अभियानको उद्धाटन गरिएको छ ।




भ्रष्टाचार विरोधी अभियान किन ? भन्ने विषयमा हालै जारी गरेको अपिलमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले भनेको छ, "हाम्रो देश भ्रष्टाचारबाट आक्रान्त भएको छ। देशमा भ्रष्टाचार नभएको र नहुने कुनै निकाय छैन। मन्त्रालय, प्रशासनिक तथा स्थानीय निकायहरू, अड्डा अदालत, प्रहरी प्रशासन, विकास निर्माणका काम जहाँ जाउँ त्यहाँ भ्रष्टाचार छ, घुसखोरी ब्याप्त छ। घुस नदिँदासम्म जनताले सामान्य एउटा सिफारिस पनि पाउँदैनन् । यसलाई नियन्त्रण गर्ने निकाय देशको सरकार हो । तर स्वयम् सरकार नै भ्रष्टाचारमा संलग्न रहँदै आएको छ। सरकारमा सामेल भएका मात्र होइन, केही अपवाद बाहेक प्रतिपक्षमा रहेका राजनीतिक पार्टीका नेताहरू समेत भ्रष्टाचारबाट मुक्त छैनन् । भुटानीकरण काण्ड, ललिता निवास काण्ड, सहकारी ठगी काण्ड, गिरीबन्धु टिस्टेट काण्ड, भिजिट भिसा काण्ड लगायत दर्जनौं काण्डहरूले यही कुराको पुष्टि गर्दछन् । यतिसम्म कि भ्रष्टाचार गर्न र त्यसबाट प्राप्त रकम बाँडफाँड गर्न सफ्टवेयर समेत विकास गरिएको कुरा चर्चामा आइरहेको छ ।"

सो अपिलमा अगाडि भनिएको छ, "यी घटनाक्रमहरूले के कुरा प्रष्ट गर्दछन् भने नेपालमा भ्रष्टाचार संस्थागत रूपबाट विकास भएको छ र त्यसको नेतृत्व सरकारले गरिरहेको छ। सरकारमा सामेल राजनीतिक पार्टी तथा प्रतिपक्षमा रहेका राजनीतिक पार्टीका नेताहरू पनि संस्थागत भ्रष्टाचारको पक्षमा रहेका हुनाले नेपालमा भ्रष्टाचारको विषय अत्यन्तै गम्भीर बन्न गएको हो। भ्रष्टाचारले गर्दा नै देशका सम्पूर्ण विकास निर्माणका कामहरू जति हुनसक्थे त्यति पनि हुन सकिरहेका छैनन् र विदेशी ऋणको भार वर्षेनी बढ्दै गएको छ। देशमा विकासको काममा गति दिनका लागि भ्रष्टाचारलाई रोक्नु पहिलो सर्त हो। तर स्वयम् सरकार, त्यसमा संलग्न पार्टी तथा हिजो सरकारमा र अहिले प्रतिपक्षमा रहेका पार्टीका नेताहरू समेत संस्थागत भ्रष्टाचारको पक्षमा भएको हुनाले आम जनता नै भ्रष्टाचारीका विरुद्ध संघर्षमा नउत्रिएसम्म देशमा भ्रष्टाचार कम हुनेवाला छैन। त्यसकारण हाम्रो पार्टीले भ्रष्टाचारका विरुद्ध अभियान सञ्चालन गर्न आवश्यक ठानेको हो। यस भ्रष्टाचार विरोधी अभियानमा सहभागी हुन र विभिन्न ढंगबाट यस अभियानलाई सहयोग गर्न हामी सम्पूर्ण जनसमुदायसँग हार्दिक अपील गर्दछौं ।"

पार्टीको केन्द्रीय कार्यालयले जारी गरेको अपिलमा थप अगाडि भनिएको छ, "हामी तपाइँहरूलाई यो कुरा पनि स्पष्ट गर्न चाहन्छौं कि यो प्रतिक्रियावादी संसदीय व्यवस्था र बुर्जुवा गणतन्त्र भनेकै भ्रष्टाचारी, घुस्याहा र शोषक वर्गको हितगर्ने व्यवस्था हो। त्यसकारण यो व्यवस्था *बाँकी ७ पेजमा*

## क.प्रतापको २४औं स्मृति दिवस




दोलखा। जनयुद्धका महान सहिद रित बबहादुर खडका (क. प्रताप)को २४ औं स्मृति दिवस क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, दोलखा जिल्ला समितिको आयोजनामा चरिकोटमा भव्य रूपमा सम्पन्न भएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिटब्यूरो सदस्य तथा १० नं. ब्यूरोका इन्चार्ज प्रवेशको प्रमुख आतिथ्यतामा सम्पन्न भएको स्मृति दिवसको अध्यक्षता तथा सञ्चालन जिल्ला सचिव अभियानले गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रवेशले नयाँ जनवादी राज्यसत्ता स्थापनाको आन्दोलनमा उहाँको शहादतले अपुरणीय क्षति पुगेको र नेपाली क्रान्तिले एक नक्षत्र एवम कुशल संगठक गुमाउनु परेको स्मरण गर्नु भयो। नयाँ जनवादी राज्यसत्ता स्थापनाका निम्ति जनयुद्धका क्रममा प्रतापसहित जनताका होनहार *बाँकी ७ पेजमा*

# इरानको सार्वभौमिकतामाथि भएको अमेरिकी–इजरायल आक्रमणको क्रान्तिकारी कम्युनिस्ट पार्टीद्वारा कडा विरोध

काठमाडौं । अमेरिकी साम्राज्यवादको संरक्षकत्वमा इजरायलले इरानमाथि गरेको भीषण सैन्य आक्रमणलाई इरानको सार्वभौमिकतामाथिको ठाडो हस्तक्षेपको संज्ञा दिँदै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले घोर निन्दा गरेको छ ।





पार्टीका कार्यवाहक महासचिव गौरवले जारी गरेको वक्तव्यमा भनिएको छ, "अमेरिकी साम्राज्यवादको संरक्षकत्वमा इजरायलले इरानमाथि गरेको भीषण सैन्य आक्रमण पछि मध्यपूर्व भयानक युद्धको चपेटामा परेको छ र सर्व साधारण जनता युद्धको शिकार भएका छन् । सर्वप्रथम हाम्रो पार्टी इजरायली सैन्य आक्रमणलाई इरानको सार्वभौमिकता माथिको ठाडो हस्तक्षेप मान्दछ र त्यसको घोर निन्दा गर्दछ ।

पछिल्लो केही समयदेखि विश्वमा अन्तर साम्राज्यवादी अन्तरविरोधहरू चर्केर गएका छन् । पुरै विश्व विध्वंशक युद्धको भुंवरीमा फस्दै गएको छ । पछिल्लो इजरायल इरान युद्धमात्र होइन, रुस युक्रेन युद्ध पनि छिटै अन्त्य हुने संकेत देखिंदैन । विश्वमा साम्राज्यवादी तथा विभिन्न शक्ति केन्द्रहरूका बीचको ध्रुवीकरण बढेर गएको छ। युद्धका नयाँ मोर्चाहरू खोलिने र पुरा विश्व तेस्रो विश्वयुद्धको भुँवरीमा फस्ने खतरा थप टडकारो बनेको छ। यो सबैका पछाडि साम्राज्यवादी शासकहरू जिम्मेवार छन् र त्यसमा प्रमुख भूमिका अमेरिकी साम्राज्यवादको रहेको छ ।

यस स्थितिमा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू महान संभावना र गंभीर खतराका बीचमा खडा छन् । क्रान्तिका दुश्मनहरूका बीच युद्धहुनु भनेको क्रान्तिका लागि अनुकूल परिस्थिति निर्माण हुनु हो। यो स्थितिमा क्रान्तिकारी कम्युनिस्टहरू एउटा साम्राज्यवादी शक्तिका विरुद्ध अर्को साम्राज्यवादी शक्तिको पछि लागेर होइन क्रान्तिकारी तथा साम्राज्यवाद विरोधी शक्तिहरूका बीच संयुक्त मोर्चा गरी साम्राज्यवादी युद्धका विरुद्ध खडा हुनु र क्रान्तिको तयारीमा लाग्नु अहिलेको आवश्यकता हो । क्रान्तिकारी कम्युनिस्टहरूसँग महान संभावनालाई यथार्थमा बदल्ने यो बाहेक अर्को विकल्प छैन ।"

### इरानमाथि अमेरिकी–इजरायल आक्रमणका विरुद्ध ११ वाम एकै ठाम

# सरकारलाई पनि विरोध गर्न आग्रह


संयुक्त वक्तव्य

गतवर्ष इजरायली विस्तारवादले प्यालेस्टाइनमाथि आक्रमण गरेर प्यालेस्टाइनको गाजालगायतका क्षेत्रहरुमा नरसंहार मच्चाएको यथार्थता सर्वविदितै छ । त्यही विषयलाई लिएर नेपालका हामी राजनीति दलहरु र नागरिक समाजको तर्फबाट प्यालेस्टाइनमाथि इजरायली हस्तक्षेपका विरुद्ध अभियान संचालनगर्दै प्यालेस्टाइनी जनताप्रतिको ऐक्यबद्धता जाहेर गरेका थियौं । यस घटना सेलाउन नपाउँदै यतिखेर अमेरिकी साम्राज्यवादको उक्साहटमा इजरायलले फेरि इरानमाथि आक्रमण गरेको छ । त्यसबाट इरानको राष्ट्रिय स्वाधीनतामाथि हस्तक्षेप मात्र होइन अन्तर्राष्ट्रिय कानुनको समेत गम्भीर उल्लंघन गरेको छ । यस स्थितिमा गएको रातिमात्र अमेरिकी साम्राज्यवादले समेत आणविक हतियारको बहानामा इरानमाथि आक्रमण गरेको छ । यो गम्भीर युद्ध अपराध हो । यसको हामी घोर निन्दा एवं भर्त्सना गर्दछौं । अमेरिकी आक्रमणबाट विश्वयुद्ध निम्त्याउने दुष्प्रयास गरेको देखिन्छ । यसबाट विश्वव्यापी युद्धआतंकको त्रास फैलिएको छ । अत: यस स्थितिमा हामी तपसिलका राजनीतिक दलहरु र वाम बुद्धिजिवीहरु साम्राज्यवादी विश्वयुद्ध र युद्धआतंकको विरोध गर्दै अविलम्ब युद्धविराम गरी विश्वशान्ति कायम गरिनु पर्दछ भन्ने पक्षमा छौं र विश्वशान्तिका लागि संयुक्त राष्ट्रसंघको बडापत्र, पन्चशीलको सिद्धान्त र अन्तर्राष्ट्रिय कानुनहरुको आधारमा शान्तिपूर्ण ढंगले समस्याहरुको समाधान खोजिनु पर्दछ भनि सम्बद्ध सबै पक्षहरुसँग जोडदार आव्हान गर्दछौं । यसका साथै अमेरिकी र इजरायली आक्रमणको विरोध गर्न, स्वाधीन राष्ट्रहरुको पक्षमा उभिन र इजरायल तथा इरानमा रहेका नेपालीहरुको सुरक्षाका लागि अविलम्ब पहल गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।

अन्त्यमा, युद्धको विरोध गर्दै शान्तिको पक्षमा ऐक्यबद्धता जाहेर गर्न सम्पूर्ण न्यायप्रेमी जनसमुदायमा हार्दिक आव्हान गर्दछौं ।

*आज उपस्थित पार्टी नेता तथा वामबुद्धिजीवीहरु*

नेकपा (मसाल), महामन्त्री, मोहनविक्रम सिंह ..........

राष्ट्रिय जनमोर्चा, अध्यक्ष, चित्रबहादुर केसी ..........

नेकपा (माओवादी केन्द्र), महासचिव, देव गुरुङ ..........

नेपाल कम्युनिस्ट पार्टी, महासचिव, विप्लव सी ..........

नेकपा (एकीकृत समाजवादी) स्थायी समिति सदस्य, बलराम बाँस्कोटा ..........

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, पीवीएम, पवन मान श्रेष्ठ ..........

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, महासचिव, आहुती ..........

नेकपा (वहुमत), कृष्णप्रसाद धमला ..........

नेकपा, उपाध्यक्ष, रामवहादुर भण्डारी ..........

वाम बुजिवीवी, निनु चापागाईं ..........

राजनीतिक संवाद थालनी, संयोजक, सङ्गीत श्रोता ..........

२०८२ जेठ ८ गते

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत नेपालका ११ वाम पार्टी तथा समूहहरूले संयुक्त रूपमा वक्तव्य निकालेर इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणको कडा शब्दमा निन्दा र भर्त्सना गरेका छन् ।

आइतबार क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेकपा माओवादी केन्द्र, राष्ट्रिय जनमोर्चा, नेपाल कम्युनिस्ट पार्टी लगायत दलहरूले संयुक्त वक्तव्य जारी गर्दै इरानमाथि भइरहेको आक्रमणप्रति विरोध जनाएका हुन् ।

संयुक्त वक्तव्यमा भनिएको छ, 'अमेरिकी साम्राज्यवादको उक्साहटमा इजरायलले फेरि इरानमाथि आक्रमण गरेको छ। त्यसबाट इरानको राष्ट्रिय स्वाधीनतामाथि हस्तक्षेप मात्र होइन अन्तर्राष्ट्रिय कानुनको समेत गम्भीर उल्लङ्घन गरेको *बाँकी ७ पेजमा*

# क्रान्तिकारी युवा संघ नेपालको राष्ट्रिय भेला सम्पन्न

**सूर्य तिमिल्सिना संयोजक र दोर्ची शेर्पा सहसंयोजक रहेको ३९ सदस्सीय सम्मेलन आयोजक कमिटि निर्वाचित**

काठमाडौं । कातिकारी युवा संघ नेपालको राष्ट्रिय भेला असार ७ र ८ गते ललितपुरको कुपन्डोलमा सम्पन्न भएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव सीपी गजुरेल गौरवको प्रमुख आतिथ्यतामा सम्पन्न भएको राष्ट्रिय भेलाले सूर्य तिमिल्सिना संयोजक र दोर्ची शेर्पा सहसंयोजक रहेको ३९ सदस्यीय राष्ट्रिय सम्मेलन आयोजक कमिटि निर्वाचित गरेको छ। उद्धाट र बन्द गरी दुई सत्रमा सम्पन्न राष्ट्रिय भेलाको उद्धाटन सत्रको अध्यक्षता सूर्य तिमिल्सिनाले गर्नुभएको थियो भने सञ्चालन दोर्ची शेर्पाले गर्नुभएको थियो ।




प्रमुख अतिथि गौरवले मैनवत्ति बालेर उद्धाटन गरिएको राष्ट्रिय भेलाको उद्धाटन सत्रमा कार्यवाहक महासचिव गौरव, स्थायी समिति सदस्य रामसिंह श्रीसले शुभकामना मन्तव्य राख्नु भएको थियो। स्वागत मन्तव्य भने संगीन *बाँकी ७ पेजमा*

# जनपक्षीय मिडियाका चुनौतीहरू

**● उज्वल ●**

जनताको पक्षमा आवाज बुलन्द गर्ने सञ्चारमाध्यम नै जनपक्षीय मिडिया हुन् । हुन त सबै मिडियाहरूको दायित्व र जिम्मेवारी 'आवाजविहीनहरूको आवाज' बन्ने नै हो। सञ्चारमाध्यमको सैद्धान्तिक मान्यता पनि त्यही नै हो। तर वर्गविभाजित समाजमा सञ्चारमाध्यम पनि वर्गीय हुन्छन् । प्रत्यक्ष परोक्ष रूपमा 'वर्गस्वार्थ'को पक्षपोषण गरिरहेका हुन्छन् । 'स्वतन्त्र मिडिया', 'निष्पक्ष मिडिया' र 'कर्पोरेट मिडिया' जे शब्दावली प्रयोग गरेपनि रूप वा सारमा वर्गस्वार्थ लुकेकै हुन्छ । आफूलाई स्वतन्त्र र निष्पक्ष भन्ने मिडियाले पनि प्रतिकूल तथा विषम परिस्थितिमा आफ्नो वास्तविक अनुहार उदांगो पार्ने गर्दछन् ।

वास्तवमा 'स्वतन्त्र' र 'निष्पक्षता' पदावली आम जनसर्वसाधारणको हक र हितमा 'क्वाइन' गरिएका शब्दावलीहरू हुन् । तर मिडिया 'राष्ट्र र जनता'को हितकेन्द्रित नै हुनुपर्दछ। एउटा निश्चित देशको भौगोलिक सीमाभित्र रहेका मिडियाहरूको प्रमुख र अन्तिम उद्देश्य पनि देश र जनताको हित नै सर्वोपरि हुनुपर्दछ ।

नेपालमा सञ्चालित मिडियाहरूलाई मूलतः मिसन र व्यवसायिक पत्रकारिताको रूपमा वर्गीकरण गर्ने चलन छ। तर वास्तविकतामा मिडिया नाफामुखी र सेवामुखी हुने गर्दछन् । नाफामुखी मिडियाहरूको प्रमुख मिसन भनेको 'जसरी पनि नाफा' आर्जन गर्नु हो। नाफा वा फाइदाका लागि जे बिक्छ, त्यही बेच्नु उनीहरूको मुख्य कर्म हुने गर्दछ। तर सेवाको लागि गर्ने मिडियाहरूको मिसन भने फरक हुन्छ। निश्चित विचार, दर्शन, राजनीतिक आस्था वा आन्दोलनको उद्देश्यबाट अभिप्रेरित हुन्छन् । र, सोही अनुसारको उद्देश्य हासिल गर्ने प्रमुख लक्ष्यका साथ मिडियाका कन्टेन्टहरूलाई प्राथमिकीकरण गर्ने गर्दछन् ।

कर्पोरेट मिडिया, मूलधारका मिडियादेखि स्वरोजगार मिडियाको रूपमा निजीस्तरमा चलाइएका प्रायः मिडियाहरूको प्रमुख काम भनेको नाफा आर्जन गर्नु नै हो। पैसा कमाउनु नै हो। नेपालमा अहिले अधिकांश *बाँकी ७ पेजमा*

## सम्पादकीय/प्रकाशकीय

### दशौं वर्ष प्रवेशको अवसरमा विशेष प्रकाशकीय तथा सम्पादकीय

वर्गदृष्टि मिडिया प्रा.लि.द्वारा प्रकाशित 'वर्गदृष्टि साप्ताहिक' र सञ्चालित 'मूलबाटो डटकम' २०८२ असारबाट ९ बर्ष पूरा गरी १० औं वर्षमा प्रवेश गऱ्यो । ९ वर्षका अमूल्य अनुभवसहित दशौं वर्ष प्रवेशको यो अवसरमा हामी सबै आदरणीय पाठक, ग्राहक, विज्ञापनदाता, प्रकाशन परिवारलगायत प्रत्यक्ष परोक्ष रूपमा हाम्रो प्रकाशनको यात्रालाई निरन्तर रूपमा सहयोग पुऱ्याउनुहुने सबै महानुभावहरू, सङ्घ, संस्था तथा सङ्गठनहरू सबैप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौं । र, सबैमा खुशी साटूदै हाम्रो प्रकाशनको आगामी यात्राको लागि शुभकामना प्रदान गर्नुहुने सबैप्रति कृतज्ञता जाहेर गर्दछौं ।

मिडियाहरूको भीडमा हाम्रो प्रकाशनको फरक उद्देश्य छ, पृथक पहिचान छ । हामीले हाम्रो प्रकाशन यात्राका थालनी बुर्जुवा मिडियाहरूले जस्तो 'नाफा' र 'फाइदा' अर्थात् 'शुभलाभ'का लागि गरेका होइनौं, थिएनौं । हाम्रो उद्देश्य त निकै महान र युगान्तकारी थियो र छ । त्यो भनेको आवाजविहीनहरूको आवाज बन्ने, बर्षौंदेखि सीमान्तकृत बनाइएका, हेपिएका, चेपिएका, थिचिएका, शोषित, पीडित वर्ग र समुदायको हक, हित र अधिकारको पक्षमा आवाज उठाउनु, उनीहरूले गरेका हरेक आन्दोलन र सङ्घर्षमा साथ दिनु अर्थात् नेपालमा श्रमजीवी शोषित उत्पीडित जनताको वास्तविक 'सङ्घीय जनगणतन्त्र'को स्थापनाका लागि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूमा पहरेदारको भूमिका निर्वाह गर्नु हो । नवौं वर्षको अनुभवले हामीलाई आफ्नो लक्ष्यमा अझ निखारिन र तिखारिन धेरै सहयोग पुऱ्याएको छ । र, हाम्रो यो महान यात्रा र अभिभारा निरन्तर जारी छ, जारी रहिरहने छ ।

हामी हाम्रो जनपक्षीय पत्रकारिताको यात्रा सुरु गर्दैगर्दा नेपालको कम्युनिस्ट तथा जनपक्षीय आन्दोलनमा चारैतिर अवसरवादीहरू, संशोधनवादीहरू र प्रतिक्रियावादीहरूको चर्को घेराबन्दी थियो । देश र जनताको पक्षमा, सत्य र न्यायको पक्षमा, शोषित उत्पीडित जनताको आमूल परिवर्तनका पक्षमा उभिनेहरूलाई प्रतिक्रियावादी राज्य, दलाल पुँजीपति वर्ग र दलाल संसदवादीहरूको निकै ठूलो हेलाहोचो थियो । यस प्रकारको घेराबन्दी र हेपाहा प्रवृत्ति अध्यावधी कायमै छ । मिडियाको आलोचनात्मक चेत मृत प्रायः थियो । सत्ता, शक्ति र बहुराष्ट्रिय कम्पनीहरूको भजनमण्डलीमा परिणत भएको थियो । शक्तिकेन्द्रकै दलालीमा दिनरात व्यतित गरिरहेको थियो । पत्रकारहरूको तीव्र दलालीकरण भइरहेको थियो । सत्य र न्यायपूर्ण आवाजहरू मूलधारका मिडिया भन्नेहरूमा हराउँदै गएका थिए । मिडिया तथा पत्रपत्रिकाहरू खातापिता वर्गको मुखपत्रमा परिणत भएका थिए । तर, यो देशका आम श्रमजीवी वर्ग, गरिखाने वर्ग, यो वर्गको पक्षधर राजनीतिक आन्दोलनका विचार र समाचारहरू कथित मूलधारका मिडियाहरूले 'ब्ल्याक आउट' गरे । आमूल परिवर्तनकारी तथा क्रान्तिकारी राजनीतिक शक्तिलाई उनीहरूले 'सचेत वेवास्ता' गरे । विचार, राजनीतिक एजेण्डा, सङ्गठन र सङ्घर्षका मुद्दाहरूलाई उनीहरूले कहिल्यै स्थान दिएनन्, स्थापित हुन दिएनन् । कथित मूलधारका मिडियाले सँधै योजनाबद्ध रूपमा यो शक्तिमाथि 'वक्रदृष्टि' बनाइरहेको थियो । यहाँसम्म कि विज्ञापनका स्रोतहरूमा पनि एकहिसाबको 'सिन्डिकेट' खडा गरिएको थियो । यस्तो प्रतिकूल परिस्थितिमा एउटा अग्रगामी र क्रान्तिकारी विचार र राजनीतिसँग निकट रहेर निश्चित मिसन हाँसिल गर्ने उद्देश्यमा स्पष्ट भएर पत्रकारिताको थालनी गर्नु, त्यसलाई निरन्तरता दिनु र दशक लामो यात्रा तय गर्न सक्नु आफैमा निकै चुनौतीपूर्ण काम थियो ।

निकै ठूल्ठूला अभाव, समस्या र परिस्थितिका असाधारण प्रतिकूलताहरूलाई क्रान्तिकारी आशावादले पराजित गर्दै प्रकाशनलाई आजको दिनसम्म ल्याइपुऱ्याउन र निरन्तर रूपमा अगाडि बढाउन प्रकाशन टिममा कार्यरत एकाध व्यक्तिहरूबाट मात्र सम्भव थिएन र हुँदैन पनि ।

जनपक्षीय पत्रपत्रिका तथा मिडिया साँचो अर्थमा जनताका सम्पत्ति हुन र हुनु पनि पर्दछ । आम श्रमजीवी जनताको सहयोगका बिचबाट मात्रै यस्ता मिडियाहरू बाँच्छन् र हुर्कन्छन् । श्रमजीवी जनतासँगको सुमधुर सम्बन्ध, प्रगाढ र न्यायो सम्बन्ध जनपक्षीय मिडियाहरूका अपरिहार्य सर्त हुन् । विशाल क्रान्तिकारी जनपङ्क्ति नै जनपक्षीय मिडियाका जीवन हुन् । आम जनता नै यसका सञ्चालक, आम जनता नै यसका वास्तविक सञ्चालक हुन् र हुनुपर्दछ । यो स्प्रिटलाई हामीले अझैपनि गहिरोगरि समात्न सकेका छैनौं । आम जनताको बिचमा पुऱ्याउन सकेका छैनौं । विगतबाट पाठ सिक्दै, हाम्रा सीमा कमजोरीहरूबाट शिक्षा लिँदै आगामी दिनमा 'वर्गदृष्टि साप्ताहिक' र 'मूलबाटो डटकम' साँचो अर्थमा जनताको 'मिडिया' र आमूल परिवर्तनको संवाहक बनाउनका लागि निकै कठोर मिहनेत गर्न जरुरी छ । र, साँच्चिकै जनपक्षीय पत्रकारिताको क्षेत्रमा एउटा नमूनायोग्य वैकल्पिक मिडियाको रूपमा स्थापित गर्न आमूल परिवर्तनको लागि लडिरहेका व्यक्ति, समूह र शक्तिहरूले पनि त्यही रूपमा स्थापित गर्न प्रत्यक्ष परोक्ष रूपमा भूमिका खेल्न जरुरी छ ।

अन्त्यमा, दशौं वर्ष प्रवेशको यो सुखद् अवसरमा हामी आमूल परिवर्तनका पक्षधर सम्पूर्ण व्यक्ति, समूह तथा राजनीतिक शक्ति, आमूल परिवर्तनका पक्षधर विशाल जनपङ्क्ति, हाम्रा सबै आदरणीय पाठकहरू, विज्ञापन दाता, प्रकाशन परिवार र हामीलाई प्रत्यक्ष परोक्ष रूपमा निरन्तर रूपमा साथ दिँदै आउनु भएका महानुभावहरूप्रति पुनः हार्दिक आभार प्रकट गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं । सबै आदरणीय पाठकहरूबाट मूल्यवान सुझाव सल्लाहहरू प्राप्त हुने आशा अपेक्षा पनि राख्दछौं । धन्यवाद ! *-प्रकाशन परिवार*


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# विश्वभर साम्राज्यवाद, पुँजीवाद र नवफासीवादको आतंक



● नारायण प्रसाद भण्डारी ●

*नेपाल नाम मेरो प्रशिद्ध थियो संसारले चिन्दथ्यो ।*
*कोही थिएन मेरो विरुद्धमा आमा भनी मान्दथ्यो ।*
*विश्वकै सुन्दरी थिए आज अपमानित हुँदै गएँ ।*
*मेरा सन्तानहरू भ्रष्ट हुदैजादाँ म बदनाम भएँ ।*
*विश्वमै मानब तस्कर र भ्रष्टाचारमा म प्रथम स्थानमा दर्ज भएँ ।*
*सन्तान मेरा कुपुत्र भएपछि दुश्मनले म मा कुदृश्य त लाउने नै भए ।*
*विश्वभर साम्राज्यवाद, पुँजीवाद,र नवफासिवादको आतंक बढदै गयो ।*
*अग्रज सन्तान मेरा उनकै प्रिय बन्दा मेरोअस्मितानै धरापमा पर्दै गयो ।*

बर्तमान विश्व परिवेशलाई अध्ययन गर्दै जाँदा विश्वभर नयाँ नयाँ तरिकाबाट साम्राज्यवाद,पुँजीवाद, नवफासिवाद र नवउदावादको आतंक उत्कर्षमा पुगेको छ। साम्राज्यवादले संसारभरका गरिब देशहरू माथि धनाढय शक्तिशाली देशहरूलाई उक्साएर आक्रमण गर्न लगाउने, लडाउने, आतंक,युद्ध, हत्या, हिंसा, गुण्डागदिर्, जाल झेल र आतंकित बनाएर आफनो शरणमा पार्ने काम गरिरहेका छन् । त्यसपछि त्यस्ता देशहरूलाई आफ्नो अधिनमा ल्याउने साम्राज्यवादको बिस्तार गर्दै जाने योजनामा साना गरिब देशहरूलाई सहयोगी मित्र बनेको भ्रम पारेरभित्रि र बाहिरि द्वैध चरित्रको भूमिका खेलिरहेका छन । यसो गर्नुको मुख्य उद्देश्य के हो त भन्दा जसरी पनि आफनो स्वार्थ पुरा गर्ने । आफना मतियार प्रियपात्रका देशहरूमा युद्ध भूमिको केन्द्रविन्दुआधार क्षेत्र बनाएर ठुला देशहरू माथि आक्रमण गर्ने युद्धको भूमरिमा फसाइदिन र कमजोर बनाएर आफनो हैकम जमाउने हिटलरि तन्त्र लागु गर्ने सोचका साथ अहिले यही चपेटामा रुस - युक्रेन ,इज्रायल - हमास ,इराक इरान विच युद्ध एबं एकआपसमा तिक्तताको कारण साना देशहरूलाइ आफनो राष्ट्र बचाउन र युद्धथेगनै ठूलो बाध्यात्मक चुनौति आइलागेको छ ।

केही समय अगाडि भारत पाकिस्तान विच युद्ध चल्यो फेरि रोकियो । बंगालादेशमा पनि शान्ति हुन सकेको छैन । आन्तरिक रूपमा बेलायत पनि मुछिदै गएको छ । चिन चारैतिरबाट घेरावन्दिमा छ। यी देशहरू उदाहरण मात्र हुन् । हाम्रो देश नेपालको अवस्था हेर्दा झनै खतरनाक मोडमा उम्कनै नसक्ने गरी खुदो र लटे मिसाइएको जस्तो गन्जागोल, भद्रगोल,अस्थिरतामा छ । आरोप, प्रत्यारोप, बेमेल एकआपसमा रिष, द्वैसमा उतार्ने कसैको कसैसँग सम्बन्ध हुन नदिने शक्ति छिन्नभिन्न पार्नेअबस्था सृजना गरेर कतिबेला कसलाई कहाँ बाट कसरी समाप्त पार्ने भन्ने दाउँमा देशि विदेसी दलालहरूबाटै यस्तो किचलो बनाइएको छ। यसमा पनि साम्राज्यवाद, पुँजीवाद र नवफासीवादकै हात छ ।नेपालका संसदवादीहरू पनि यिनै दलालका निकट मतियार हुन् । यिनीहरू पनि उनै दलालहरूको आशिर्वादबाटै सन्चालित छन। यसमा कुनै दुविधा छैन। नेपालको सरकार सत्ता परिवर्तन ढाल्ने र बनाउने फेर बदल गर्ने हात नत नेपाली जनताको चाहनामा हुन्छ । नत नेपालका सतताधारी हौ भन्नेहरूले चाहेर हुन्छ। थोरै उदाहरण भन्नु पर्दा एम सी सी, पतन्जलि,सहकारी, लघुबित्तिय बैकं, मिटरब्याज , एन जि ओ आइ एन जि ओ का धन्दा पनि दलाल का योजनाबाट सन्चालित छन । यस्ता नामका सस्था भन्नेहरूले साना गरिव देशहरूको भलाइ होइन देशै खोक्रो बनाइ तहस नहस बनाउछन। यिनै सस्थाका कारण आज हाम्रा देशका युवा पलायन हुदै गए। उत्पादन क्षेत्र पुर्णरूपमा मरुभूमि बन्दै गए। उर्बरा बाली क्षेत्रमा पलटिङ हुदै गए। देशका गन्य मान्य भनाउदाहरू माथि भ्रष्टाचारका बिल्लाले भरिए। हाम्रा देशका महाशयहरू त्यसैमा रुमल्लिदै जादा देशै अनिर्णयको वन्दिमा पुराए। अहिले विश्वका थुप्रै गरिव,कमजोर,साना नेपाल लगायतका कैयन देशहरू लाइ आफनो राष्ट्रियता राष्ट्रको मूल्यमान्यता छवि जागोउन जटिल अबस्था सृजना गराइएको छ।

अहिले मिडिया एबं अन्य माध्यमबाट हेर्दा, सुन्दा युद्ध आतंक अरु देशमा भएको महसुस हुन्छ तर त्यसो होइन। हाम्रो देश नेपालको अबस्था निकै खतरनाक मोडमा थुप्रै चुनौतिको घेराभित्र बल्झिएको र बल्झाइएको छ। अब नेपालले विभिन्न प्रकारका चुनौतिको सामना गरेर माथि उठन सक्ने कि नसक्ने ?गम्भीर प्रश्न नेपाली जनताको अगाडी तेर्सियको छ। यदि यो चुनौतिको सामना नेपाली जनताले स्वयं पार गर्न सकेनन भने देश पूनः पश्चगमनतर्फ सामन्तवादको चङ्गुल भित्र फस्ने संभावना प्रबल भएर आएको छ। यसका थुप्रै लक्षण देखि सकेका छन। विश्वभर साम्राज्यवाद, पुँजीवाद र नवउदारवादको आतंकले घेराबन्दि गर्दा नेपाल पनि उनीहरूकै घेराको बन्धनमा पर्दै गयो तर नेपालका दलाल संसदवादी उनीहरूकै प्रियपात्र बनेर एकआपसमा द्वन्द्ध मच्चाइरहेका छन् । आफना विपक्षमा उभिने मत नमिल्ने माथि शत्रुतापूर्ण ब्यबहारमा उत्रेर कसले कसलाई कसरी समाप्त पारेर आफु हिटलर बन्ने सपनाको महल बनाइरहेकाछन। अहिले नेपालमाअनौठो लाग्ने गरि भ्रष्टाचारीका फाइलहरू धमाधम खोलेको जस्तो देखिन्छ। यस्को मूख्य कारण त तर्साउने धम्काउने दाउँमा हो कि जस्तो केही घटनाले देखाउछ। हालै गृहमन्त्रिले भिजिटभिसा प्रकरणमा संलङ्न भएको भनेर विपक्षीहरूले संसद चल्न दिएनन। राजिनामा माग गरिरहेको छन। भूटानी सरणार्थीको घटना मौन छ। जसको कारण तस्करहरू सरकार भन्दा बलिया छन। जेहोस यस्ता अराष्ट्रवादी कुरा जस्ले जहाँबाट उठाएता पनि विपक्षका मागहरू जायज छन किनभने यस्ता अपराध जो सुकैले गरोस सबै मानव बेचविखनका अपराधी हुन देश द्रोहि एबं मानब तस्कर हुन। तिनीहरूले एउटा बाट ५० औ लाख सम्म असुलेर पठाएका युवाहरूको अबस्था कस्तो छ ? दलालहरू ले आफनै दाजु भाइको तस्कर गरे तर ती युवाहरू कहाँ कुन हालतमा छन् मानब तस्करहरूलाई थाहा छ ? युवाहरूले जीवनको भिख मागिरहेका छन। कैयौ दिनदेखि खानु बस्नु सुत्नु केही छैन नेपाल सरकार संग हाम्रा पीडा पुराइदेऊ भनेर पुकार गरिरहेका छन् । यति ठुलो अपराध गर्न हुन्छ कि हुदैन ? सरकार तिनै अपराधिको बचाउमा छ। त्यही मौकामा पूर्ब प्र.म. माधब कुमार नेपाल माथि पतन्जलिको प्रकरणमा मुद्धा चलाइयो। मा.के. का उपाध्यक्ष अग्निसापकोटा माथि जनयुद्धको पुरानो मुद्दा खोतलेर अदालति प्रकृयामा अगाडि बढाइएको छ। अर्को तर्फ नेपालबाट भूटानि शरणार्थि लगायतका बिभिन्न नाममा बेचिएकाहरूलाई साम्प्रज्यवादको नाइके अमेरिकाले धमाधम नेपाल फर्काउने कार्यको तिब्रता छ। ती पीडितहरू जनहि ८० देखि एककरोड सम्ममा बेचिएका छन। कस्ले कसरी बेचेको हो ? रित्तो च्यातियका बोराको अधुरो सपना बोकेर स्वदेश आउनेले अबश्य भन्ने छन।

अहिले रवि, माकुने र अग्नि साप्कोटाको घटनाले सबै दलका नेतादेखि कार्यकर्ता सम्मका ओठ मुख सुकेका छन। ज जस्का मनमा दाग छन सबै आतंकित बनेका छन तर फेरिपनि दोषिले सजाए भोग्ला भन्ने विश्वास अझै देखिन्न किनभने केहि द्धोयद चरित्रका सिन्टम देखिन थालेका छन ।सरकारले प्रस्ताब गरेका सेवासुविधाका कुराहरूमा र सरकार विरुद्धमा उठाइएका मुद्दा देखि कोही बिभिन्न बाहनामा पछि हटने क्रम चल्दै छ। अरूपनि हटन सक्छन् किनभने यसको मुख्य कारण के हो त भन्दा भ्रष्टाचारदेखि कोही टाढा एबं अछुतो छैनन्। यिनीहरू मिलेरावादी हुन मिलेरै देश खाइसके। गरिब किसानका मल बिउँको सिजन आइसक्यो अत्तो पत्तो छैन ।अहिले अरु बर्षको भन्दा बढी बर्षात हुने संभाबना मौसमविदहरूले बताइरहेको अबस्था छ।

जसको कारण बाढी पहिरोका जोखिमका स्थानमा बस्न बाध्य गरिब निमुखा सरकारको मुख ताक्न बाध्य छन, गरिबहरू त्रसित छन। बाटा घाटा हरू छैनन् यात्रुहरूको विजोग छ। एउटा सडकको दर्जनौ पटक सम्झौता हुन्छ। ठेकदारले आधाउधि खान्छ त्यो भाग्छ। फेरि अर्को सँग सम्झौता हुन्छ ।उसले कमिसन बाडनेको हिसाव गर्छ। घाटाको अबस्था देख्छ ।छोडछ त्यसै गदागर्दै बर्षा लाग्छ विपत्तिहरू जनतामा आउछन मर्ने मर्छन दुखमा रुनेहरू रोइरहन्छन हेलिकप्टरमा आकाशबाट राहत लगेको नाटक गर्छन त्यही राहतमा पनि कमिसन हुन्छ। यस्ता जनता संगका अति सम्बेदनशील कुराहरू पटटि सम्बन्धित निकायको ध्यान ती बिषयतर्फ जादैन। ध्यान कहाँ पुग्छ ?जसले काठमाण्डौमा ठूलाठूला महलमा बसेर राज्यको समपत्ति दोहन गरिरहेका छन ।उनीहरूकै लागि सेबा सुविधा बृदि गर्ने कुरा प्रस्ताब ल्याउछ त्यसैमा सहमतिका लागि एकजुट हुन्छन .। काला कर्तुत कसरी छिपाउन सकिन्छ ? त्यता पटिट बढी चिन्तित छन्। सेबा सुविधा आफना लागि पनि हो ।यस्ता उदाहरण का घटना दर्जनौ छन। एउटा उखान छ सत्य छिप्दैन असत्य टिक्दैन यो ध्रुर्ब सत्य हो ढिलो चाडो कोही सुरक्षित हुने छैनन् । जनताले सबै बुझिसकेका छन । कावार्हि भएनन एक आपसमा मिलेर लुकाउन छिपाउन खोजे भने जनताले टुलुटुलु हेरेर अब बस्ने छैनन् । अहिले यिनीहरूका नाटक हेर र पर्खमा छन् ।अहिले नेपालका कुनै पनि मिडियाले भ्रष्टचारमा मुछिएका घटना दिनप्रति दिन मिडियाका भित्ता रगिंएका छन। भ्रष्टचिार भन्ने त खेति नै भयो। गाउँपालिका उपमाहानगरपालिका माहानगर पालिका प्रदेश सरकार वडा देखि कर्मचारी तन्त्र सम्म कोही अछुतो छैनन् । जतातत्तै यत्रतत्र भ्रष्ट कमिसन बाहेक अरु केहि भएन यो सबै साम्राज्यवाद पुँजीवाद विस्तारवाद,नवफासीवाद, नबउदारवाद र दलाल संसदवादको आतंक हो। यी राष्ट्रका खतरनाक धमिराहरूलाई समयमै पाखा लगाएर देश बचाउनका लागि सम्पुर्ण राष्ट्रवादी, देशप्रेमी प्रगतिशील पक्षधरहरू पश्चगमनलाई त्याग्दै अग्रगमन तर्फ एकजुट हुन नसके देश दुर्घटनामा पर्ने निश्चित छ। सबैमा चेतना भया।

# संसदवादबाट समाजवाद सम्भव छ ?



● शालिकराम भण्डारी ●

मध्य युग समाप्त हुँदाहुँदै औद्योगिक युग प्रवेश भयो। यूरोपेली देशहरूः बेलायत, इटली, फ्रान्स र जर्मनीबाट शुरु भएको यो युग केही समयमा नै अत्यन्त तीव्र गतिमा विकसित भयो। ती मध्ये पनि वेलायत धेरै अगाडि बढ्यो- त्यहाँ रहेको सामन्तवाद क्रमशः कमजोर हुँदै गयो। आधुनिक मेसिनद्वारा वस्तु निर्माण , वाष्प इन्जिनको प्रयोग रेल्वेको आविष्कारले जनता धेरै चेतनशील भैसकेकाका थिए, भूमिपति विरुद्ध तीव्र गतिमा उत्रिसकेका थिए। त्यसैले भूमिपतिको राजसंस्था र विशाल जनता बीच संघर्ष चर्किदै गयो। आखिरमा वंशीय शासक मध्ये एउटा राजालाई जनताले गद्दीबाट निकालि दिए। किनकि दुःखकष्ट अन्याय, शोषण र दमन सीमा नाघेर धेरै अगाडि पुगिसकेको थियो। अब जनताको आक्रोश पछि फर्कने अवस्थामा थिएन। अग्रगमन नै उसको कार्यदिशा थियो। अन्तमा निरंकुश राजसंस्था विरोधी जनताले महत्वपूर्ण निर्णय गऱ्यो। जसले भन्यो, "राजसंस्था राख्ने तर सत्ता संचालन जनताले गर्ने।" यसको मतलव अहिलेसम्म राजाको आफ्नो हातमा राखेको शक्ति अब देखि जनताले प्रयोग गर्ने राजा देशको उच्च पदमा रहे पनि खाली सम्मानित मात्र कार्यकारी अधिकार .जनताका प्रतिनिधिको आफ्नो हातमा लिने र संविधान कानुन निर्माण गर्ने काम संसदको हातमा रहेन। यसरी संसदीय व्यवस्था अथवा संसदवादको उदय बेलायतमा भएको बुझिन्छ।

सामन्तवादको पतन पछि स्थापना भएको संसदीय व्यवस्था पुँजीवादी सत्ता बलियो बनाउने यन्त्र भएकोमा कुनै शंका रहेन - फरक यति मात्र हो बेलायतमा संवैधानिक राजतन्त्रात्मक व्यवस्था छ, कही गणतन्त्रात्मक जस्तो अमेरिका आदि आदि। संसद सर्वमान्य- अमेरिका र बेलायतको पृष्ठभूमि बेग्लाबेग्लै छन्। सामन्तवादबाट पूरा ननिस्किसकेको नेपाल यहाँका केही समूह पतन भैसकेको राजतन्त्र फर्काउन बेलायती राजतन्त्रको उदाहरण दिन्छन्। यो जनतालाई मुर्ख बनाउने, ठग्ने बाहेक अरु केही होइन। निरंकुश शासनसत्ताबाट मुक्त भएका बेलायती जनताले स्वतन्त्रता प्राप्त गरे- पढ्न, लेख्न, बोल्न, घुम्न पाउने भए, प्रजाको हातमा सत्ता प्राप्त भयो। प्रजाको सत्ता त्यसले यस व्यवस्थालाई प्रजातान्त्रिक व्यवस्था भनेको हो। तर यत्रो इतिहास बोकेको प्रजातन्त्र जनताको निम्ति अनुकूल हुन सकेन। हिजो ठूला सामन्तीहरूले भूमिहीन गरिव निम्न वर्गीय किसानलाई शोषण, दमन गर्ने गर्दथे। ठूला ठूला दिग्गज पुँजीपतिहरूले आज त्यही काम (शोषण, दमन गर्ने काम ) अझ ठूलो मात्रामा विशाल श्रमिक, सर्वहारा शोषित पीडितलाई गरिरहेका छन्। त्यो संसद शब्दमा मात्रै स्वतन्त्र व्यवहारमा होइन।

पुँजीवादी उत्पादनमा अत्यन्त बढी हुँदा मध्ये पनि बेलायत धेरै अगाडि हुन गयो। उसको उत्पादनले आफ्नै देशमा बजार पाउन सकेन, विभिन्न देश छाउन कब्जा गर्न , हस्तक्षेप गर्न जोड जुलुमले लाग्न अग्रसर भयो। छिटै समयमा उसको पकड पाँचै महाद्वीपमा फैलियो -जस्तो उत्तर अमेरिका, भारत, केही लेटिन अमेरिकी देश, अफ्रिकन देश यहाँ उसको पकड बलियो हुँदै गयो। बजार बलियो बनाउने नाममा गएको देश त्यहाँको सत्ता पनि आफ्नै हातमा लिँदै गयो। यसरी कब्जा गरिएको शासन पद्धति नै उपनिवेशवादी शासन नामले प्रख्यात छ। त्यसबेला भनिन्थ्यो। बेलायत ठूलो देश छ जहाँ सूर्य कहिले पनि अस्ताउँदैन।

अर्कोतिर, उपनिवेशहरू राजनैतिक, आर्थिक, सांस्कृतिक शोषण दमनबाट यति वाक्क परिसकेका थिए। अब सहन सक्ने अवस्था नै थिएन। त्यसैले सम्बन्धित देशका जनता विरोध संघर्ष र विद्रोहमा उत्रिन थाले र क्रमशः स्वतन्त्रता प्राप्त गर्दै गए, अहिले यस्तो शासन विश्वमा लगभग कही छैन, छ त बदलिएको रूपमा, अप्रत्यक्ष ढंगले मात्र यसमा सबभन्दा पहिले अमेरिका पर्दछ। त्यो देश १७७६ मा बेलायतबाट मुक्त भयो र संसदीय व्यवस्थाको बाटो नै उसको पनि रह्यो। सुरु सुरुमा उसले जनताको निम्ति प्रजातन्त्र ल्याएको जस्तो देखायो। त्यसैले भन्न पनि थालिएको थियो-अमेरिका प्रजातन्त्रको अगुवा देश हो। तर अमेरिकाले बेलायती बाटोबाट नै हिंड्न खोज्यो। पुँजीवादी पार्टी नै उसको राजमार्ग भयो प्रजातन्त्रिक पुँजीवादी संसदीय व्यवस्था अहिले भारत, नेपाल आदि धेरै देशहरू यसै भित्र पर्दछन्। अहिले अमेरिकाले स्वतन्त्रता प्राप्त गरेको करिब २५० वर्ष सम्म यो पद्धति सारै प्रभावशाली रह्यो। यसको विपरीत प्रश्न उठाउने साहस कही कतै फेला परेको थिएन।

आखिरी ९०, ९२ वर्षपछि मात्र यस विषयमा संसदीय व्यवस्था के हो-कसो हो आदि कुरा कोट्याउन, खोदल्न, नयाँ व्याख्या र विश्लेषण गर्न थालियो। यस्तो कार्यमा साहसिक रूपले हात हाल्ने व्यक्ति को थिए ? अरु कोही होइन, एउटा मात्र महान व्यक्ति थिए, जुन जर्मनीको पर्सिया फ्रान्तको ट्रियर भन्ने ठाउँमा ५ मई १८१८ उनको जन्म भएको थियो। यहुदी परिवार वरिष्ठ वकिलका छोरा जसको नाम कार्लमार्क्स थियो। यिनको नाम किन जुन पछि गएर यूरोप र अमेरिकाका ठूलाठूला पुँजीपतिहरू, समस्त प्रतिक्रियावादी, अवसरवादी, बुद्धिजीवीहरू, दार्शनिक अर्थशास्त्रीहरू पटक्कै मन पराउँदैनथे। किनकि ती सबै मार्क्सको आलोचना भित्र परिसकेका थिए। फ्रान्समा वर्गसंघर्ष, निरंकुश राजतन्त्र विरोधी क्रान्ति, सर्वहारावर्गले पुँजीपति वर्गको सत्ता फ्याँक्न गरेको क्रान्ति

*बाँकी ५ पेजमा*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# नेपालको कम्युनिस्ट आन्दोलनमा कमरेड पुष्पलालको योगदानः एक संक्षिप्त परिचर्चा



● परि थापा ●

मार्क्सवादका सह-संस्थापकहरू कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स द्वारा संयुक्त रूपमा लिखित र सन १८४८ सालमा प्रकाशित भएको कम्युनिस्ट घोषणापत्र देखि विश्व कम्युनिस्ट आन्दोलनकको लिखित एवम् औपचारिक रूपमा आम घोषणा भएको मान्न सकिन्छ। त्यसरी कम्युनिस्ट घोषणापत्रको प्रकाशन पश्चात युरोपीय महादेशमा कम्युनिस्ट आन्दोलनले उन्नाईशौं शताब्दीको मघ्य देखिनै जोड पक्डेको थियो। तर एशिया महादेशमा कम्युनिस्ट आन्दोलनको प्रभाव भने लेनिनको नेतृत्वमा सन १९१७ मा सम्पन्न भएको महान अक्टोबर समाजवादी क्रान्ति भएपछि नै परेको थियो।

त्यसक्रममा कम्युनिस्ट घोषणापत्र प्रकाशित भएको ७ दशक पछि नेपालका दुई छिमेकि देशहरू चीनमा सन १९२१ मा र भारतमा सन १९२५ कम्युनिस्ट पार्टी स्थापना भएका थिए। नेपालमा भने कम्युनिस्ट घोषणापत्र प्रकाशमा आएको पूरै एक शताब्दी पूरा भएपछि मात्र कम्युनिस्ट पार्टीको स्थापना भएको थियो र त्यस प्रयोजनका लागि प्रमुख पहलकदमी कमरेड पुष्पलाल श्रेष्ठ द्वारा भएको थियो। यस बर्ष नेपाल कम्युनिस्ट पार्टीले आफ्नो हीरक जयन्ती (७५ बर्ष) पूरा गरेकोछ। कमरेड पुष्पलालको जन्म भएको एक शताब्दी (१०० बर्ष) र देहावसान भएको अर्धशताब्दी भन्दा (५५ बर्ष) बढी समय पूरा भएकोछ। त्यस सन्दर्भमा यहां कमरेड पुष्पलालले नेपालको कम्युनिस्ट आन्दोलनमा दिएको योगदान लगायतका विषयहरूका बारेमा संक्षिप्त चर्चा गर्ने प्रयत्न गरिएकोछ।

### *नेपाल कम्युनिस्ट पार्टीका संस्थापक*

नेपाल कम्युनिष्ट पार्टीको स्थापना कमरेड पुष्पलालको पहल र नेतृत्वमा सोभियत संघको कम्युनिस्ट पार्टीका नेता तथा महान अक्टोबर समाजवादी क्रान्तिका नायक भ्लादिमिर लेनिनको ८०औं जन्म दिवसको अवसरमा २२ अप्रिल, १९४९ तदनुसार वि.सं. २००६ साल बैशाख १० गतेका दिन भारतको पश्चिम बङ्गाल राज्यको राजधानी शहर कलकत्ता (कोलकाता) मा भएको थियो। यद्यपि नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चा प्रकाशन भएको दिन अप्रिल २२ वा पार्टीको घोषणापत्र प्रकाशित भएको दिन १५ सेप्टेम्बर मध्ये कुनलाई पार्टी स्थापना दिवस मान्ने भन्ने विषयमा भने मतान्तर रहंदै आएकोछ।

ने. क. पा. को संस्थापन दिवस सम्बन्धि विवाद भन्ने शिर्षकमा कृण्णदास श्रेष्ठले यसरी उल्लेख गर्नु भएको छः

नेपाल कम्युनिस्ट पार्टी स्थापना भएपछि धेरै बर्षसम्म (करिब २५ बर्षसम्म) कम्युनिस्ट आन्दोलनमा यो विवाद उठेको थिएन। पार्टीका संस्थापकहरूले १५ सेप्टेम्बरको दिनलाई पार्टी दिवस मनाउने निर्णय गरेका थिए। तदनुसार, २०३१ सालसम्म नेपाली कम्युनिस्टहरूले १५ सेप्टेम्बरका दिन पार्टी दिवस मनाउंदै आएका थिए। त्यसपछि आएर २२ अप्रिलका दिन पार्टी दिवस मनाउनु पर्छ भन्ने आवाज उठाइयो। चौथो महाधिवेशनबाट यो आवाज उठेको पाइन्छ। (कृष्णदास श्रेष्ठ, संकलित रचनाहरू भाग १, पृष्ठ १४७)।

पार्टी स्थापना पश्चात कमरेड पुष्पलाल नेपाल कम्युनिष्ट पार्टीको संस्थापक महासचिव चयन हुनुभएको थियो। कमरेड पुष्पलाललाई नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्ने ऐतिहासिक कार्यमा साथ-सहयोग दिनेमा अन्य तीनजना सहयोद्धा संस्थापक कमरेडहरू मध्येमा कमरेड निरन्जन गोविन्द वैध, कमरेड नर बहादुर कर्मचार्य र कमरेड नारायण विलाश जोशी रहेका थिए। अर्का एकजना कमरेड मोति देवी पनि पार्टी संस्थापक सदस्य रहेको विषय भने विवादित रहेकोछ। त्यसरी कम्युनिस्ट घोषणा-पत्र प्रकाशमा आएको एक शताब्दी पछि मात्र नेपालमा कम्युनिस्ट पार्टी स्थापना गरेर विश्व कम्युनिस्ट आन्दोलनको अङ्गको रूपमा थप योगदान दिने कामको प्रमुख श्रेय कमरेड पुष्पलाललाई नै जान्छ। यसरी जम्मा चार, पांचजना कमरेडहरूको पहलमा नेपाल कम्युनिस्ट पार्टीको गठन तथा निर्माण भएको थियो।

जम्मा चारजना व्यक्तिहरू मिलेर कम्युनिस्ट पार्टीको स्थापना स्वदेश भित्रै बसेर स्थापना नगरी विदेशी भूमिमा जानु कारण त्यसबेला पश्चिम बङ्गालको राजधानी कोलकातामा कम्युनिस्ट पार्टी र आन्दोलनको प्रभाव बढी रहेको र त्यसबेला देशमा कायम रहेको निरङ्कुश जहानीयां राणा शासनको क्रुरतम दमनचक्रबाट जोगिनका लागि थियो भनेर बुझ्न सकिन्छ। किनभने त्यसभन्दा अगाडी राणा शासनका विरुद्धमा आवाज उठाउने एवम् संगठन गर्ने अगुवाहरूलाई झुन्ड्याएर र गोलीहानेर निरशंस तरिकाले हत्या गरिएको जगजाहेर थियो। ती मध्ये शुक्रराज शास्त्री र धर्मभक्त माथेमालाई रुखमा झुन्ड्याएर मारिएको थियो भने दशरथ चन्द र गङ्गालाल श्रेष्ठ-कमरेड पुष्पलालका सहदोर दाजू थिए-लाई गोली हानेर हत्या गरिएको थियो। टंक प्रसाद आचार्य र रामहरि शर्मालाई भने चारपाटा मुडेर सजाय दिईएको थियो, किभने त्यसताका ब्रहमाणका लागि चारपाटा मुडेर सजाय दिनु भनेको मृत्युदण्ड दिनु समान मानिने प्रचलन रहेको थियो भनिन्छ।

### *आधारभूत दस्तावेजहरुको प्रकाशन*

नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरेपछि पार्टी कामलाई अगाडी बढाउन आवश्यक पर्ने आधारभूत दस्तावेजहरू प्रकाशित गर्ने महत्वपूर्ण काम अगाडी बढेको थियो। कमरेड पुष्पलालको नेतृत्वमा २२ अप्रिल, १९४९ तदनुसार २००६ साल वैशाख १२ गतेका दिन "नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यकता-अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाउ" नामक शिर्षकमा नेपाल कम्युनिष्ट पार्टीको सबभन्दा पहिलो पर्चा प्रकाशित गरेको थियो। (कृष्णदास फाउन्डेशन-२०७५)। त्यसैगरि वहांकै नेतृत्वमा १५ सेप्टेम्बर १९४९ तदनुसार २००६ साल भदौ ३० गतेका दिनमा नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणा-पत्र प्रकाशित भएको थियो। (उही)।

त्यस दिनमा पार्टीको घोषणापत्र सहित एउटा पाक्षिक प्रकाशन पनि भएको कुरा कृष्णदास श्रेष्ठले यसरी उल्लेख गर्नु भएको छ :

मोहनध्वज गुरुङद्वारा लिखित "नेपालमा कम्युनिस्ट आन्दोलनबारे टिप्पणीहरू" (अंग्रेजीमा) शिर्षकको एउटा लेखमा १५ सेप्टेम्बर १९४९ मा नेपालमा "कम्युनिस्ट पाक्षिक प्रचारपक्ष" पहिलो पटक प्रकाशित भएको" समेत उल्लेख गर्दै भनिएकोछः "ने. क. पा. को घोषणापत्रको प्रकाशन सहित उक्त पत्रिका १५ सेप्टेम्बर, १९४९ मा छापिएको थियो। त्यो त्यस्तो पहिलो दस्तावेज हो, जसले ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट नेपाली इतिहासको अध्ययन गर्यो। उक्त दिन ज्यादै प्रतिकात्मक छ र ठूलो ऐतिहासिक महत्वको छ।(कृष्णदास श्रेष्ठ, संकलित रचनाहरू भाग १, पृष्ठ १४७)।

कमरेड पुष्पलालले नेपालमा साम्यवादी विचारधाराको व्यापक प्रचार-प्रसार गर्न मार्क्स-एंगेल्स द्वारा लिखित कम्युनिस्ट पार्टीको घोषणापत्र को नेपाली भाषामा अनुवाद गर्नु भएको थियो। सम्भवतः नेपाली भाषामा प्रकाशित भएको सबभन्दा पहिलो साम्यवादी विचारधारा सित सम्बंधित साहित्य यही नै थियो भन्दा अत्युक्ति हुंदैन। लेनिने "यो सानो पुस्तिका धेरै पुस्तकहरूको बराबर हो, यस पुस्तकले सभ्य संसारका सबै संगठित र संघर्षरत सर्वहाराहरूलाई प्रेरणा र मार्गनिर्देशन गर्दछ" भनेर भनेर कम्युनिस्ट घोषणापत्रको प्रसंशा गर्नु भएकोछ।

### *नयाँ जनवादको पक्षपोषण र संशोधनवादको विरोध*

नेपाल कम्युनिस्ट पार्टीको वि.सं. २००८ मा सम्पन्न भएको प्रथम सम्मेलनले आफ्नो कार्यक्रम नयां जनवाद पारित गरेको थियो। नेपाल कम्युनिष्ट पार्टीको २०१० सालमा सम्पन्न प्रथम महाधिवेशन देखि नै सच्चा क्रान्तिकारी कम्युनिस्टहरू र कम्युनिस्ट आन्दोलनमा घुस्न सफल भएका दक्षिणपन्थी, संशोधनवादी एवं अवसरवादी तत्वहरूका बीचमा गम्भिर मतभेत सुरु भैसकेको थियो। त्यसको ज्वलन्त उदाहरणका रूपामा महाधिवेशन द्वारा पार्टीको महासचिव जस्तो सर्वोच्च नेतृत्वमा दरबारीया केशरजङ्ग रायमाझी चयन हुनुलाई लिन सकिन्छ। त्यसैगरी नेपाल कम्युनिस्ट पार्टीको २०१९ सालमा सम्पन्न भएको तेस्रो महाधिवेसन द्वारा तुलसीलाल अमात्य महासचिव चयन भएसंगै "राष्ट्रिय प्रजातन्त्र" को कार्यक्रम पारित गरेपछि सैद्धान्तिक, राजनितिक र संगठनात्मक सबै दृष्टिकोण बाट छिन्नभिन्न भएको थियो। त्यसैले पार्टीको पुनः पुनर्गठनको प्रक्रियाको शुरुवात भएको थियो।

त्यसै दौरानमा कमरेड पुष्पलालको पहल र नेतृत्वमा २०२५ सालमा सम्पन्न गोरखपुर सम्मेलनले मार्क्सवाद-लेनिनवाद र माओ-त्सेतुङ विचारधाराको पक्षमा र तत्कालीन सोभियत संघको कम्युनिस्ट पार्टीका नेता निकिता खुश्चेभ र तत्कालीन युगोस्लाभियाका नेता जोसिप ब्रज टिटो द्वारा पारित "राष्ट्रिय प्रजातन्त्र" को संशोधनवादी कार्यक्रमलाई अस्वीकार गर्दै नयाँ जनवादी क्रान्तिको कार्यक्रम अगाडि सार्ने काम गरेको थियो। त्यो सम्मेलनले सामन्तवाद, विशेष गरेर राजतन्त्र र नेपाली जनता विचको अन्तरविरोधलाई मुख्य अन्तरविरोध ठहर गर्दै राजतन्त्र विरोधी राजनीतिक शक्तीहरूका बीच संयुक्त मोर्चा वा सहकार्यको नीतिमा जोड दिएको थियो। र चीनमा कमरेड माओ-त्सेतुङको नेतृत्व एवम् निर्देशनमा सन्चालन भएको महान सर्वहारा सांस्कृतिक क्रान्तिलाई समर्थन गर्ने नीति लिएको थियो। गोरखपुर सम्मेलनले तत्कालिन सोभियत संशोधनवादको विरोध गरेता पनि त्यसलाई सामाजिक साम्राज्यवाद भन्ने प्रश्नमा तटस्थ र अस्पष्ट रहेको र नेपाली कंग्रेसको वर्ग चरित्रको विश्लेषण गर्ने कुरामा कमजोरी रहेको भएता पनि कमरेड पुष्पलाल आफ्नो जीवन पर्यन्त क्रान्ति र परिवर्तन प्रति अविचलित रूपमा दृढतापूर्वक संघर्षमा डटिरहनु भयो।

### *संयुक्त आन्दोलनसम्बन्धी दृष्टिकोण*

अहिले हामीले नेपालको कम्युनिस्ट र लोकतान्त्रिक आन्दोलनका सन्दर्भमा कमरेड पुष्पलाललाई स्मरण गरिरहंदा राजनीतिक र सामाजिक परिवर्तनलाई सफल तुल्याउनका लागि उहांले अपनाउनु भएको साझा शत्रुका विरुद्ध मुद्दा मिल्ने शक्तिहरूका बीचमा सहकार्यलाई जोडदिनु पर्ने नीतिको अत्यन्त ठुलो महत्व रहेकोछ। वहांले अपनाएको नीति मार्क्सवाद, लेलिनवाद र माओ-त्सेतुङ विचारधारामा आधारित थियो। जस्तो कि लेलिनले रुसमा जारशाहीलाई समाप्त गर्नका लागि सामाजिक क्रान्तिकारीहरू संग समेत मिलेर संघर्ष गर्नुभएको थियो।

वि. सं. २०१५ सालमा भएको संसदीय आम चुनावमा नेपाली कंग्रेस पार्टीले दुई तिहाई निर्वाचन क्षेत्रमा बहुमत हासिल गरेको थियो र उक्त पार्टीका नेता विश्वेश्वर प्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा सरकार गठन भएको थियो। तर राजा महेन्द्रले वि. सं. २०१७ पौष १ गतेका दिन उक्त जननिर्वाचित सरकारलाई अपदस्त गरेर साथै संसदीय व्यवस्थालाई विघटन गरेर कथित निर्दलीय निरङ्कुश तानाशाही पञ्चायती व्यवस्था लादेका थिए। कमरेड पुष्पलालले नेपालको तत्कालिन राजनीतिक अवस्थालाई मध्यनजर गर्दै निरङ्कुश तानाशाही पन्चायती व्यवस्थाको अन्त्य गर्नका लागि कम्युनिस्ट र कंग्रेस मिलेर संघर्ष गर्नु पर्दछ भनेर प्रस्तुत गरेका संयुक्त आन्दोलन सम्बन्धी दृष्टिकोण महत्वपूर्ण रहेको छ :

पञ्चायती व्यवस्था कायम भएमा देशका समस्त सामन्तहरू जो अहिले धेरै मात्रामा असंगठित भएकाछन संगठित हुने मौका पाउंदछन र देशमा फेरी केही बर्षसम्म सामन्ती दबदबा कायम रहनेछ। नेपाल कम्युनिस्ट पार्टीलाई यस कुरामा पूर्ण विस्वास छ कि जुन देशवासीहरूले सामन्त शाहीको विरुद्ध कैयौं वर्षदेखि कठिन संघर्ष गर्दैआए र प्रजातान्त्रिक व्यवस्था कायम भएको बेलामा पनि प्रजातन्त्रको पूर्ण समृद्धिको निम्ति संघर्ष गर्दै आए ती आज पनि संघर्षमा पछि हट्ने छैनन्। वास्तवमा पछि हटेका पनि छैनन्। विभक्त भएमा हामी विफल र संयुक्त भएमा हामी सफल हुनेछौं। राजाको आश्वासन तथा संसदीय प्रजातन्त्र भन्दा तल्लो कुनै पनि स्तरको राजनीतिक व्यबस्था आजको संकटको समाधन हुन सक्दैन। यस कुरालाई समस्त देशवासीहरूले मनन गर्नु परेकोछ। अतः अन्तमा फेरी एकचोटि नेपाल कम्युनिस्ट पार्टी जोडदार रूपमा समस्त प्रजातान्त्रिक शक्तिसंग संयुक्त भई राजा महेन्द्र र सामन्ती व्यवस्थाको विरुद्ध संसदीय प्रजातान्त्रिक व्यवस्थाको पूर्ण स्थापनाको निम्ति संघर्ष गर्न अपिल गर्दछु। (पुष्पलाल, छानिएका रचनाहरू, भाग २, पृष्ठ १३)।

### *वामपन्थि एकताको सम्बन्धमा*

कमरेड पुष्पलालले वामपन्थी शक्तिहरू र तीनिहरूका बीचको एकताको विषयका सम्बन्धमा पनि स्पष्ट पार्दै त्यसबारे आफ्नो दृष्टिकोण यसरी प्रस्तुत गर्नु भएकोछ, जसले अहिलेको अवस्थामा पनि निकै महत्व राख्दछ। जुन यसप्रकार रहेको छ :

वामपन्थी एकताको अर्थ जसरी अरुअरु देशमा व्यापक अर्थमा उठेको हुन्छ। सो अर्थमा हाम्रो देशमा उठेको छैन। हाम्रो बीच यो प्रश्न एक संकीर्ण अर्थमा उठाएईएकोछ। एक कुनै ऐतिहासिक तर पुरानो भएको सामाजिक व्यबस्थामा आमूल परिवर्तन चाहने तत्व या शक्तिलाई वामपन्थी शक्ति भनिन्छ र यस्ता शक्तिहरूको बीचको एकतालाई वास्तविक अर्थमा वामपन्थी एकता भनिन्छ। यस अर्थमा वामपन्थी एकता भने देशका कम्युनिस्ट शक्तिहरूको अतिरिक्त अन्य राजनीतिक शक्तिहरू पनि वामपन्थी शक्ती भित्र पर्न आउंछन्। हाम्रो देशमा वामपन्थी एकताको प्रश्न उठाउने व्यक्तिहरूले यस अर्थमा यो प्रश्न उठाएका छैनन्। देशमा मार्क्सवाद, लेनिनवाद र माओ-त्सेतुङ्ग विचारधारालाई मान्ने कम्युनिस्टहरू बीचको एकतालाई वामपन्थी एकताको एक रूपमा उठाएकाछन्। अब प्रश्न उठ्दछ, यदि कसैले माओ विचारधाराको घुम्टोमा गद्दार माझिले अपनाउंददै आएको राजनीति अपनाउंछ भने के हामी त्यो राजनीतिको समर्थन गर्न सक्छौ? अवश्य पनि सक्दैनौ। (पुष्पलाल, छानिएका रचनाहरू, भाग २, पृष्ठ ७७)।

### *महासचिवबाट पदच्युति तथा "गद्दार" घोषणा*

वि. सं. २००८ सालमा भएको नेपाल कम्युनिस्ट पार्टीको प्रथम राष्ट्रिय सम्मेलनले कमरेड पुष्पलालाई पुनः पार्टीको महासचिवमा निर्वाचित गरेको थियो। तर वहांलाई महासचिव निर्वाचित भएको ६ महिना पछि नै पार्टीको केन्द्रीय समितिको बैठक समेत नबोलाएर पोलिटब्युरोको बैठकद्वारा महासचिव पदबाट पनि अपमानजनक तरिकाले हटाएर मनमोहन अधिकारीलई महासचिव बनाईएको थियो।

मनमोहन अधिकारी पार्टीको महासचिव चयन भएपछि चीनको कम्युनिस्ट पार्टीको निमन्त्रणा अनुसार सन १९५६ मा सम्पन्न भएको चीनीयां कम्युनिस्ट पारेटीको आठौं महाधिवेशनमा सहभागीहुन चीन भ्रमणमा जानुभएको थियो र स्वास्थोपचारकोलागी लामो समयसम्म चीनमै बस्नुभएको थियो। परिणामस्वरूप वि. सं. २०१४ सालमा सम्पन्न भएको नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनमा केशरजङ्ग रायमाझी जस्ता दरबारीया तत्वले महासचिव निर्वाचित भएर पार्टी नेतृत्व कब्जागर्न सफल भएका थिए।

कमरेड पुष्पलालले प्रस्तुत गरेका विचारलाई आधार बनाएर तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (मशाल) ले "गद्दार" घोषणा गरेको थियो। त्यसैको परिणामस्वरूप वहांको मरोपरान्त कमरेड निर्मल लामाले पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाललाई "कमरेड" भनेर सम्बोधन गर्दै शोक वक्तव्य दिएकोमा आपत्ति जनाउंदै आलोचना र खण्डन समेत गरिएको थियो। उक्त "गद्दार" घोषणाको प्रमुख आधार भने कमरेड मोहन विक्रम सिंह द्वारा लिखित पुस्क "गद्दार पुष्पलाल" रहेको थियो।

वि. सं. २०४२ मा नेपाल कम्युनिस्ट पार्टी (मशाल) मा विभाजन भएपछि छुट्टै नेपाल कम्युनिस्ट पार्टी (मसाल) को गठन भयो। कालान्तरमा नेपाल कम्युनिस्ट पार्टी (मसाल) ले त्यसरी संस्थापक महासचिव कमरेड पुष्पलाललाई "गद्दार" घोषणा गर्नु सर्वथा गलत थियो भन्ने निष्कर्षमा पुगेर त्यसलाई खारेज गरेको थियो। तर कमरेड मोहन विक्रम सिंहले चाहिं पुस्तकको शिर्षक नै "गद्दार पुष्पलाल" राख्नु गलत थियो तर त्यसमा व्यक्त गरिएका विचार भने सहिछन् भन्ने दृष्टिकोण राख्नु भएको थियो। पछि वहांले "गद्दार पुष्पलाल" भन्ने शिर्षक हटाएर त्यसको सट्टामा पुस्तकको शिर्षक "क्रान्ति वा भ्रान्ति" राखेर प्रकाशित गर्नुभयो।

उक्त पुस्तकको मिति २०५२ चैत्र १९ गते लेखिएको भूमिकामा कमरेड मोहन विक्रम सिंहले यसरी उल्लेख गर्नु भएको छ :

"नेपालको कम्युनिस्ट आन्दोलनमा पी. एल. ले प्रशस्त भ्रम दिएकाछन् र ती भ्रमहरू अहिलेपनि दक्षिणपन्थी अवसरवादका वैचारिक आधार बनेका छन्। खास गरेर कांग्रेस परस्त पुंजीवादी संसदीय प्रजातन्त्र, विभिन्न देशी वा विदेशी दुश्मन शक्तिहरूको विश्लेषण सम्बन्धि प्रश्नहरूमा पी. एल. ले प्रशस्त भ्रम दिएकाछन् र त्यसैले दक्षिणपन्थि अवसरवादीहरूकालागि पी. एल. अहिले पनि 'आदर्श कम्युनिस्ट' मानिन्छन्। त्यसकारण आजको कम्युनिस्ट आन्दोलन वा राष्ट्रिय तथा जनतान्त्रिक आन्दोलनलाई सही दिशामा अगाडी बढाउन पी. एल. का वैचारिक भ्रान्तिहरूका विरुद्धको संघर्षले आज पनि महत्व राख्दछ। त्यसैले यो पुस्तकलाई यद्यपि शीर्षक बदलेर, पुनः प्रकाशित गर्ने निर्णय गरिएकोछ र त्यो पुस्तकको पुरानो शिर्षकलाई यो भूमिकामा उल्लेख पनि गरिएको छैन।" *(मोहन विक्रम सिंह, क्रान्ति वा भ्रान्ति)*

कमरेड पुष्पलाललाई कंग्रेस परस्त आरोप लगाएर "गद्दार" घोषणा गरेका कमरेड मोहन विक्रम सिंह र वहांले नेतृत्व गरेको पार्टी नेपाल कम्युनिस्ट पार्टी (मसाल) को संसदीय निर्वाचन र राज्यका अन्य निकाय तथा संयन्त्रहरूमा स्थान प्राप्तगर्न नेपाली कंग्रेस पार्टीसंगको आपसी सम्बन्ध, सहकार्य र लेनदेन कस्तो रहेकोछ भन्ने कुरा स्वतः स्पष्ट रहेकोछ। र त्यसबारे यहां थप व्याख्या गर्नुपर्ने आवश्यकता पर्दछ जस्तो लाग्दैन। यसरी नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्ने प्रमुख पहलकर्ता र पार्टीको संस्थापक महासचिवलाई "गद्दार" घोषणा गरेर तेजोवध गर्न खोज्नु लज्जास्पद एवम् हास्यास्पद कार्य थियो।

उपरोक्त यावत परिघटनाहरूका वाबजुद पनि नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा पार्टीको संस्थापक महासचिवको हैसियतले कमरेड पुष्पलालको सम्मान शिर्षस्थानमा नै अवस्थित रहेको छ र रहनेछ।

### *अन्त्यमा केहि थपकुराहरु*

कमरेड पुष्पलालले जहानीयाँ राणा शासनको विरुद्धमा गतिविधि गरेको आरोपमा वि. सं. १९९७ सालमा बन्दी अवस्थामा रहेका आफ्ना दाजू शहीद गङ्गालाल श्रेष्ठलाई गोली हानेर हत्या गर्ने ठीक एकदिन अगाडी भद्रगोल जेलमा सपरिवार भेट्न जानु भएको रहेछ। त्यतिखेर गङ्गालालले पुष्पलाललाई यसरी सम्बोधन गरेका रहेछन्, "माइला, मैले प्रजातन्त्रका निमित्त बालेको दियोलाई तैंले प्रज्वलित पार्नेछस्।" दाजूको यही भनाई नै पुष्पलालको निम्ति राजनीतिमा प्रवेश गर्ने प्रेरणाको श्रोत बनेको थियो।

कमरेड पुष्पलाललाई नेपालको साम्यवादी आन्दोलनको जनक मान्नु पर्दछ भन्नेमा दुईमत हुन सक्दैन। नेपाल कम्युनिस्ट पार्टीको संस्थापक महासचिवको हैसियतले कमरेड पुष्पलाललाई नेपालमा कम्युनिस्ट पार्टीको स्थापना गरेर सम्पुर्ण शोषित, पिडित वर्गको हितको पक्षमा संघर्ष र आन्दोलनको थालनी गर्ने श्रेय स्वतः जान्छ नै त्यसका अतिरिक्त वहांको जीवनबाट नेपालका कम्युनिस्टहरू र कम्युनिस्ट पार्टीहरूले सिक्नु पर्ने कुरा भनेको त्याग, लगनशिलता, सादगी र जस्तोसुकै अभाव र समस्याका वाबजूद पनि क्रान्ति र परिर्तनका लागि उत्साहपूर्वक निर्भिकताका साथ संघर्षमा अगाडि बढीरहनु नै हो भन्ने प्रष्ट हुन्छ।

आज हामीले प्रष्टसंग भन्नु पर्दछ कि आफूलाई क्रान्ति र परिवर्तनको वाहक बताउने कतिपय कम्युनिस्ट पार्टीका अगुवा नेताहरू नै कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलनको लक्ष्य, उद्देश्य र आदर्शबाट बिचलित भै हदैसम्म पतनको दिशामा अगाडी बढिरहेकाछन्। कम्युनिस्टको नाममा कम्युनिस्ट आन्दोलनलाई नै विकृति र भड्कावका दिशामा लैजान चाहने र खोज्ने त्यस प्रकारका तत्वहरूका विरुद्ध सच्चा क्रान्तिहारीहरूले अथक र निरन्तर संघर्ष कायम राख्नु पर्दछ। त्यसो गरेर मात्र हामीले कमरेड पुष्पलाल प्रति सच्चा आदर र सम्मान व्यक्त गर्न सक्ने छौं र उहांलाई स्मरण गर्नुको औचित्य रहनेछ।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशन सम्म मात्र जनतन एकीकृत अवस्थामा रह्यो। त्यसपछि अविभाजित रूपमा आफ्नो अर्को अधिवेशन सम्पन्न गर्न सकेन र कम्युनिस्ट आन्दोलनमा टुट-फुट र विभाजनको श्रृङ्खलाको क्रम एक पछि अर्को गर्दै बढ्दै गयो र त्यो सिलसिला यद्यापि कायम रहेकोछ। त्यति मात्र होईन यसरी विभिन्न कालखण्डमा विभाजन र एकताको प्रकृया बाट गुज्रदै आएको नेपालको कम्युनिस्ट आन्दोलनका घटकहरू मध्ये मार्क्सबाद, लेनिनबाद माओवाद तथा माओ-त्सेतुङ विचारधारालाई मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकार गर्ने र बल प्रयोगको सिद्धान्तलई स्वीकार गर्ने पार्टीहरू समेत विभाजित अवस्थामा अलग-अलग भएर रहेका छन्।

अहिले देशमा राजतन्त्रको अन्त्य भएको र लोकतान्त्रिक गणतन्त्र स्थापना भएको पनि करिब दुई दशक भइसकेकोछ। संविधानमा संघीयता, धर्मनिरपेक्षता, समावेशी-समानुपातीक प्रतिनिधित्वको प्रावधान र व्यबस्था राखिएको भएतापनि आन्दोलनबाट हासिल गरिएका ती उपलब्धीहरूलाई आम नेपाली जनसमुदायहरूको व्यापक हितका पक्षमा कार्यान्वयनगर्ने काम भएकोछैन। त्यसका विपरीत आफूलाई वामपन्थी र लोकतान्त्रीक बताउने पार्टी र शक्तीहरूले नै राष्ट्रघाती, जनघाती काम गरिरहेकाछन् भने भ्रष्टचारमा लिप्त भएर द्रव्य पिचासमा परिणत भएकाछन्। समग्र राज्यसत्ता दलाल र विचौलियाहरूको पृष्ठपोषक बन्न पुगेकोछ र वास्तवमा यस्तो स्थितिको सिर्जना हुनपुग्नु भनेको बिडम्बनापूर्ण अबस्था नै हो। यो व्यबस्था छोटो समयमा नै जनविरोधि एवम् प्रतिकृयावादमा पतनहुन पुगेकोछ।

यस्तो अवस्थामा विगतका आन्दोलन र संघर्षका केही उपलब्धिहरू जस्तैः संघीयता, धर्मनिरपेक्षता, समावेशी-समानुपातिक प्रतिनिधित्वको व्यवस्था र लोकतान्त्रिक गणतन्त्रलाई मात्रात्मक रूपमा प्रगतिशिल परिवर्तन मान्दै उत्पीडित वर्ग, मजदुर, किसान, दलित, महिला, आदिवासी जनजाति, तराईवासी मधेसी समुदाय, दुर्गम र दुरवर्ति क्षेत्रका हकहितलाई प्रत्याभूत गर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षा एवम् न्यायलाई जनताको हक र राज्यको दायित्वभित्र पार्ने जस्ता सुधारात्मक परिवर्तनका कामलाई पुरागर्ने जस्ता जिम्मेवारी समेत क्रान्तिकारी पार्टी र शक्तीहरूको कांधमा आईपुगेकोछ।

त्यसकालागि मार्क्सवाद, लेनिनवाद र माओववाद तथा माओ-त्सेतुङ विचारधारालाई मार्गदर्शक सिद्धान्त मान्ने र बल प्रयोगको सिद्धान्तलाई अंगीकार गर्दै नयां जनवादी क्रान्तीको चरण सम्पन्न गरि वैज्ञानिक समाजवाद र साम्यवादको बाटोमा अगाडी बढ्ने क्रान्तिकारी कम्युनिस्टहरूको बाँकी ७ पेजमा

# इजरायलको खातिर ट्रम्पले कतिवटा कफिनहरू घर पठाउनेछन् ?




तेहरान । पश्चिम एसियाले लामो समयदेखि डरलाग्दो परिदृश्य देखा परेको देखिरहेको छ। वर्षौंदेखि, विश्लेषकहरू, अधिकारीहरू र राजनीतिज्ञहरूले इजरायल र संयुक्त राज्य अमेरिकालाई चेतावनी दिएका थिए कि इरानमाथिको कुनै पनि आक्रमणले इरानी सशस्त्र सेनाबाट प्रतिशोधको विनाशकारी लहर ल्याउनेछ र अन्तर्राष्ट्रिय प्रतिध्वनिहरूको साथ क्षेत्रीय द्वन्द्वको लागि बाढीको ढोका खोल्नेछ ।

तर जुन १३ मा, इजरायली र अमेरिकीहरूले निर्णय गरे कि यदि यसको अर्थ इरानको आणविक कार्यक्रमलाई समाप्त गर्नु र इरानी सरकारलाई अस्थिर बनाउनु हो भने तिनीहरू त्यो प्रतिशोधको मार सहन तयार छन् ।

विश्लेषकहरूले अनुमान गरेका छन् कि इजरायलले अमेरिकी समर्थनमा इरानमाथि आक्रमण गर्ने योजना बनाएको थियो, जसले गर्दा अमेरिकालाई प्रत्यक्ष परिणामहरूबाट बचाउनेछ । नेतान्याहू र ट्रम्पले विश्वास गरे कि इरानका शीर्ष कमाण्डरहरूको हत्या र देशको आणविक तथा सैन्य स्थलहरूमा आक्रमण गरेपछि, इरानसँग प्रभावकारी प्रतिआक्रमण गर्न नेतृत्व र स्रोतहरूको अभाव हुनेछ । उनीहरूले यो पनि अनुमान गरे कि इरानीहरू विदेशी आक्रमणकारीको पछाडि जुट्नेछन्, इरानी सरकारको बाँकी रहेको भागलाई ध्वस्त पार्न मद्दत गर्नेछन् ।

युद्धको आठ दिन पछि, ती कुनै पनि उद्देश्य पूरा भएको छैन । इरानको आणविक स्थल र सैन्य क्षमताहरू धेरै हदसम्म अक्षुण्ण छन् । इजरायलले अब पहिलो दिन सुरु गरेको गहन हवाई अभियानलाई निरन्तरता दिन सक्दैन । इरानीहरू पहिलेभन्दा बढी एकताबद्ध छन् र यसबाहेक, आफ्ना पूर्ववर्तीहरूको हत्याको केही घण्टा भित्रै कमान्ड सम्हालेका इरानी सैन्य नेताहरूको नयाँ पुस्ताले कब्जा गरिएका क्षेत्रहरूमा अथक क्षेप्यास्त्र प्रहार गरिरहेका छन् । तेल अवीव, हाइफा र बेयर शेवा लगायतका प्रमुख इजरायली शहरहरूले उल्लेखनीय क्षति भोगेका छन्, र इजरायलीहरूले आफ्ना अधिकारीहरूले जित्न नसक्ने युद्ध सुरु गरेको महसुस गरेपछि जनताको विश्वास घट्दै गएको छ, जसले उनीहरूले वाचा गरेका मानिसहरूलाई यहूदीहरूको लागि 'सुरक्षित' ठाउँमा प्रवेश गर्न खतरामा पारेको छ ।

इजरायलभित्र अमेरिकी हस्तक्षेपको लागि आह्वान बढ्दै गएको छ। हिब्रू मिडिया आउटलेटहरूले इजरायली शासनको इरानसँग लामो र अप्रत्यासित युद्धलाई निरन्तरता दिन पर्याप्त सैन्य र आर्थिक स्रोतहरूको अभावको बारेमा बढ्दो रूपमा रिपोर्ट गरिरहेका छन्, विशेष गरी इरानको पर्याप्त बाँकी रहेको क्षेप्यास्त्र हतियारलाई ध्यानमा राख्दै । शासन अधिकारीहरूले अमेरिकालाई प्रत्यक्ष हस्तक्षेप गर्न र इरानको आणविक स्थलहरूलाई इजरायलसँग नभएको बंकर-बस्टर हतियारले मेटाउन आग्रह गरिरहेका छन्, जसले गर्दा इजरायलले विजय घोषणा गर्न सक्छ ।

यसैबीच, इरानले इजरायललाई संयुक्त राज्य अमेरिकाको सहयोग स्वीकार गरेको छ, जसले गर्दा ४०० भन्दा बढी इरानीहरूको मृत्यु भएको छ र २,००० भन्दा बढी घाइते भएका छन्, जसमध्ये धेरै महिला र बालबालिका थिए । यद्यपि, इरानले कम्तिमा अहिलेको लागि, अमेरिकालाई प्रत्यक्ष प्रतिशोधबाट बहिष्कार गर्ने छनौट गरेको छ। तेहरानले इजरायल भित्रका महत्वपूर्ण सैन्य, राजनीतिक र रणनीतिक स्थलहरूलाई लक्षित गर्न जारी राखेको छ, तर चेतावनी दिएको छ कि यसले युद्धमा अमेरिकी प्रत्यक्ष संलग्नतालाई रातो रेखा मान्नेछ, जसले अमेरिकी हितहरू विरुद्ध प्रतिक्रिया जनाउनेछ ।

### *इरानको प्रत्यक्ष आक्रमणको रेखामा ४०,००० अमेरिकीहरु*

सबैभन्दा पहिले, पश्चिम एसियामा अमेरिकी कर्मचारी र सम्पत्तिहरूको स्थितिले यसलाई सम्भावित इरानी प्रतिशोधको लागि अत्यन्तै जोखिममा पार्छ, किनकि यी सजिलै इरानी क्षेप्यास्त्र र ड्रोनहरूको दायरा भित्र छन् । लगभग ५०,००० अमेरिकी कर्मचारीहरू पेन्टागनको कमान्डमा यस क्षेत्रमा तैनाथ छन्, र अमेरिकाले इराक, बहराइन, कुवेत, कतार र युएई सहित पश्चिम एसियाभरि आफ्ना १९ वटा आधारहरूमा अर्बौं डलर लगानी गरेको छ ।

२०२३ र २०२४ मा गाजामा प्यालेस्टिनीहरूसँग ऐक्यबद्धतामा इराकी र सिरियाली प्रतिरोध सेनाहरूले अमेरिकी आधारहरू विरुद्ध गरेको सफल आक्रमणले सुरक्षामा उल्लेखनीय वित्तीय लगानीको बावजुद, यी आधारहरू क्षति र विनाशको लागि संवेदनशील रहेको देखाएको छ । प्रतिरोधी सेनाले अपेक्षाकृत अत्याधुनिक ड्रोनहरूद्वारा अमेरिकी सम्पत्तिहरूलाई प्रभावकारी रूपमा लक्षित गर्ने प्रमाणित क्षमतालाई ध्यानमा राख्दै, यो निश्चित छ कि इरानले आफ्नो अत्याधुनिक हतियारले यी स्थानहरूलाई ध्वस्त पार्न सक्छ, जसले कब्जा गरिएका क्षेत्रहरू र वरपर इजरायली, पश्चिमी र अरब प्रतिरक्षाका धेरै तहहरू तोड्दै आएको छ ।

'अमेरिकाले इरानमा सैन्य कारबाही सुरु गर्न र पछि हट्न सक्दैन। यो इराक र अफगानिस्तानमा युद्धको मात्रा भन्दा धेरै द्वन्द्वमा तानिनेछ', पश्चिम एसियाका विद्वान र विज्ञ महदी खानलीजादेहले भने, 'यसले ट्रम्पको राष्ट्रपतित्वको अन्त्य उनले बाँकी तीन वर्ष भन्दा धेरै चाँडै गर्नेछ ।'

### *हर्मुज जलडमरुम बन्द*

विश्वको लगभग आधा तेल र ग्यास भण्डारहरू फारसी खाडीमा वा नजिकै अवस्थित छन्, र विश्वव्यापी बजारहरूको लागि नियत गरिएको यो स्रोतको अधिकांश भाग इरानको नियन्त्रणमा रहेको साँघुरो समुद्री चोकपोइन्ट, हर्मुज जलडमरूमबाट पारगमन गर्नुपर्छ ।

अमेरिकी ऊर्जा सूचना प्रशासनले यस जलडमरूमलाई 'विश्वको सबैभन्दा महत्त्वपूर्ण तेल ट्रान्जिट चोक पोइन्ट' भन्छ, जहाँ विश्वको कुल पेट्रोलियम तरल पदार्थ खपतको लगभग एक चौथाई यसबाट गुज्रन्छ ।

इरानको संसदका सदस्य र इस्लामिक रिभोलुसन गार्ड कोर्प्सका पूर्व कमाण्डर इस्माइल कोवसारीले हालै भनेका छन् कि जलमार्ग बन्द गर्ने 'विचारधीन छ' र इरानले 'दृढताका साथ उत्तम निर्णय लिनेछ ।'

युद्धमा वाशिंगटनको प्रत्यक्ष संलग्नताले निश्चित रूपमा इरानलाई यो कदम चाल्न र हर्मुज जलडमरूम बन्द गर्न बाध्य पार्नेछ। पश्चिमी मिडिया रिपोर्टहरूले सुझाव दिन्छ कि इरानसँग 'बलियो' नौसेना छ र यदि अमेरिकाले इरान विरुद्ध आफ्नो आक्रमण सुरु गर्छ भने कारबाही गर्न पहिले नै आफ्नो सेना तैनाथ गरिसकेको छ ।

विश्लेषकहरूले चेतावनी दिएका छन् कि हर्मुजको जलडमरूम बन्द गर्नाले विश्वव्यापी रूपमा आर्थिक अराजकता निम्त्याउनेछ। ठूलो मात्रामा विश्वव्यापी तेल आपूर्ति बन्द गर्नाले ठूलो मूल्य वृद्धि हुनेछ, उद्योगहरू कमजोर हुनेछन् र मुद्रास्फीति बढ्नेछ। व्यवसायहरूले बढ्दो लागतसँग संघर्ष गर्दा र उपभोक्ताहरूले खर्च कटौती गर्दा विश्वव्यापी मन्दी आउने सम्भावना छ। व्यापार गम्भीर रूपमा अवरोधित हुनेछ, आपूर्ति शृङ्खलाहरू ध्वस्त हुनेछन्, र भूराजनीतिक तनाव बढ्नेछ। फारसी खाडीको तेलमा धेरै निर्भर पूर्वी एसिया र युरोप विशेष गरी कमजोर हुनेछन्, जस्तै फारसी खाडीका राज्यहरू आफैं, तिनीहरूको भण्डारको बावजुद ।

अमेरिकाले आफ्नै उच्च तेल उत्पादनको कारणले गर्दा अन्य देशहरू भन्दा राम्रोसँग अवरोधको सामना गर्न सक्षम हुन सक्छ। यद्यपि, यसको अर्थतन्त्र र उपभोक्ताहरूले अझै पनि यस्तो बन्दबाट विनाशकारी वित्तीय परिणामहरूको सामना गर्नेछन् ।

### *ट्रम्पको आफ्नै आधार पनि लाइनमा छ*

युक्त राज्य अमेरिकाले अब वास्तविकताको सामना गरिरहेको छ कि इरान अपराजित छ र, पूर्व अमेरिकी मरीन र संयुक्त राष्ट्र हतियार निरीक्षक स्कट रिटरका अनुसार, इजरायली हार अपरिहार्य छ । 'अबको महत्वपूर्ण प्रश्न,' रिटर भन्छन्, 'के संयुक्त राज्य अमेरिकाले प्रत्यक्ष हस्तक्षेपबाट टाढा रहनेछ, यो द्वन्द्वको तीव्र वृद्धिलाई रोक्न कूटनीति अपनाउनेछ, वा इजरायललाई हारबाट बचाउन सिधै युद्धमा प्रवेश गर्नेछ भन्ने हो ।'

रिटरको तर्क छ कि पछिल्लो मार्ग छनौट गर्दा ट्रम्पले आफ्नो घरेलु आधारको एक महत्वपूर्ण भाग गुमाउनेछ। यी मतदाताहरूले युक्रेनको युद्ध र गाजामा द्वन्द्व दुवै अन्त्य गर्ने उनको वाचाको आधारमा उनलाई समर्थन गरे । ट्रम्पले अमेरिकालाई पहिलो स्थानमा राख्ने वाचा गरे, र ४०,००० अमेरिकीहरूको जीवनलाई खतरामा पारे, तेलको मूल्य प्रति ग्यालन ४५०० मा पुऱ्याए, र पश्चिम एसियामा वातावरणीय प्रकोप निम्त्याए त्यो वाचाको पूर्ण विश्वासघात हुनेछ ।

इरान र इजरायल बीचको युद्ध संयुक्त राज्य अमेरिकाको लागि राष्ट्रिय सुरक्षा अनिवार्यता होइन। यसलाई एकमा रूपान्तरण गर्नाले शान्तिको राष्ट्रपति हुने उनको वाचामा विश्वास गर्ने लाखौं मानिसहरूलाई अलग्याउनेछ।' अमेरिकी आक्रमणले इरानको आणविक सुविधाहरू नष्ट गर्ने ग्यारेन्टी पनि छैन ।

अन्तिम तर कम्तीमा पनि, अमेरिकाले इरानको आणविक सुविधाहरूमा आक्रमण गर्नु किन मूर्खतापूर्ण छ भन्ने सूचीमा, यो पनि निश्चित छैन कि अमेरिकी बंकर बस्टरहरूले इरानको आणविक साइटहरू हटाउन सक्षम हुनेछन्, जसमध्ये सबैभन्दा महत्त्वपूर्ण फोर्डो हो ।

पहाड मुनि गहिरो गाडिएको, सुविधा लगभग १०० मिटरको ढुङ्गाले सुरक्षित छ, जसले सबैभन्दा शक्तिशाली बंकरबस्टर बमहरूको लागि पनि ठूलो कठिनाइहरू सिर्जना गर्दछ। अमेरिकासँग न्द्यग-५७ छ, विशेष गरी यस्ता लक्ष्यहरूको लागि डिजाइन गरिएको एक विशाल हतियार, विज्ञहरूले प्रश्न गर्छन् कि धेरै प्रत्यक्ष प्रहारहरूले पनि सुविधाको विनाशको ग्यारेन्टी गर्न सक्छ कि सक्दैन। यस्तो जटिल सञ्चालनको अन्तर्निहित जोखिमहरूसँगै आवश्यक बमहरूको परिशुद्धता र संख्याले अनिश्चिततामा योगदान पुऱ्याउँछ ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# अमेरिकाका लागि प्रलयकारी हुनेछ इरानसँगको युद्ध

● रोजमेरी केलानिक ●

इरानी आणविक केन्द्रहरूमा अमेरिकी आक्रमणप्रति विश्वको प्रतिक्रिया

इरानी आणविक केन्द्रहरूमा अमेरिकी आक्रमणप्रति विश्वको प्रतिक्रिया

तेहरान, जुन २२ - पश्चिम एसिया र बाहिर बढ्दो तनावको परिणामप्रति चिन्ता बढ्दै जाँदा इरानको आणविक केन्द्रहरूमा संयुक्त राज्य अमेरिकाको आक्रमणको विश्वभरबाट कडा प्रतिक्रिया र निन्दा भएको छ।

इरानमाथि इजरायली आक्रमणको बीचमा आइतबार बिहान इस्फहान, फोर्डो र नातान्जमा आणविक केन्द्रहरूमा अमेरिकी आक्रमणका केही प्रतिक्रियाहरू यहाँ दिइएका छन् ।

संयुक्त राष्ट्र संघ

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले द्वन्द्व नियन्त्रण बाहिर जाने खतरा बढ्दै गएको बताए, जसले गर्दा नागरिक, क्षेत्र र विश्वका लागि विनाशकारी परिणामहरू निम्त्याउन सक्छ। उनले कुनै सैन्य समाधान नभएकोमा जोड दिए, उनले अगाडि बढ्ने एक मात्र व्यवहार्य बाटो कूटनीति हो, जसको अन्तिम लक्ष्य शान्ति हो भनी जोड दिए ।

साउदी अरेबिया

साउदी विदेश मन्त्रालयले इरानको सार्वभौमिकताको अमेरिकी उल्लंघनको निन्दा गरेको छ र अन्तर्राष्ट्रिय समुदायलाई जारी संकटको अन्त्यको ग्यारेन्टी गर्ने राजनीतिक समाधान ल्याउन प्रयासहरू तीव्र पार्न आह्वान गरेको छ। मन्त्रालयले थप वृद्धि हुनबाट रोक्न संयम अपनाउन पनि आह्वान गरेको छ ।

ओमान

इजरायली आक्रमणकारी युद्ध सुरु हुनुभन्दा अघि तेहरान र वाशिंगटन बीचको आणविक वार्तामा मध्यस्थता गर्ने अरब देशले इरानी आणविक स्थलहरूमा अमेरिकी आक्रमणको निन्दा गर्दै भन्यो कि यो अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्र संघको बडापत्रको खतरनाक उल्लङ्घन हो। ओमानले पनि शान्तिपूर्ण उद्देश्यका लागि आफ्नो आणविक कार्यक्रम विकास गर्ने सबै देशहरूको वैध अधिकारमा जोड दियो ।

इराक

इराकले पनि अमेरिकी आक्रमणको निन्दा गरेको छ, तिनीहरूलाई पश्चिम एशियाको सुरक्षा र शान्तिको लागि खतराको रूपमा वर्णन गरेको छ। इराकी सरकारका प्रवक्ता बसेम अल-अवादीले शान्त र वार्ताको लागि आह्वान गर्दै तनाव बढ्दै जानु क्षेत्रको शान्ति, स्थिरता र सुरक्षाको लागि खतरनाक खतरा भएको चेतावनी दिएका छन् । अल-अवादीले यो पनि भने कि इराक अन्तर्राष्ट्रिय सम्बन्धमा बल प्रयोगको विरोध गर्दछ, राष्ट्रहरूको सार्वभौमिकताको सम्मान गर्न र महत्वपूर्ण सुविधाहरूमा आक्रमणबाट बच्न आग्रह गर्दछ ।

कतार

कतारको विदेश मन्त्रालयले इरान विरुद्ध संयुक्त राज्य अमेरिकाको आक्रमणप्रति दुःख व्यक्त गर्दै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा तनाव बढ्ने र सम्भावित विनाशकारी परिणामहरूको बारेमा चेतावनी दिएको छ । दोहाले सबै सैन्य कारबाहीहरू बन्द गर्ने र कूटनीतिक प्रयासहरूमा फर्कने आवश्यकतामा पनि जोड दिएको छ ।

पाकिस्तान

पाकिस्तानको विदेश मन्त्रालयले अमेरिकी आक्रमणको निन्दा गरेको छ र क्षेत्रमा तनाव बढ्ने सम्भावनाप्रति गहिरो चिन्ता व्यक्त गरेको छ। मन्त्रालयले भनेको छ कि आक्रमणहरूले अन्तर्राष्ट्रिय कानूनका सबै मान्यताहरूको उल्लङ्घन गरेका छन् र इस्लामिक गणतन्त्र इरानले संयुक्त राष्ट्र संघको बडापत्रमा आधारित आत्मरक्षाको वैध अधिकार सुरक्षित राखेको छ ।

पाकिस्तानका ग्रान्ड मुफ्ती मुहम्मद ताकी उस्मानीले पनि प्रतिक्रिया जनाउँदै भने कि इरानमाथि संयुक्त राज्य अमेरिकाको आक्रमण अत्यन्तै निन्दनीय छ, जसले वाशिंगटनले आफ्ना प्रतिबद्धताहरूको पालना नगरेको देखाउँछ ।

लेबनान

राष्ट्रपति जोसेफ आउनले इरानी आणविक स्थलहरूमा अमेरिकी आक्रमणको परिणामहरू विरुद्ध चेतावनी दिएका छन्, आक्रमणहरूले जारी तनाव बढाउने र क्षेत्रका अन्य देशहरूमा सुरक्षा र स्थिरतालाई खतरामा पार्ने बताएका छन् । उनले थप नरसंहार र विनाशबाट बच्न आत्म-संयम र रचनात्मक वार्ताको लागि आह्वान गरेका छन् ।

यमन

सनाको यमनी सरकारले इरानी आणविक स्थलहरूमा अमेरिकी हवाई आक्रमणको निन्दा गर्दै ती आक्रमणहरू इरानी जनता विरुद्ध युद्धको स्पष्ट घोषणा भएको बताएको छ । यसले यो पनि भन्यो कि यमनी सशस्त्र सेनाहरू लाल सागरमा अमेरिकी जहाज र युद्धपोतहरूलाई लक्षित गर्न तयार छन् ।

यमनको अन्सारुल्लाह पोलिटब्युरोले अमेरिकी हवाई आक्रमणको पनि स्पष्ट रूपमा निन्दा गरेको छ, तिनीहरूलाई इस्लामिक उम्म विरुद्धको अत्याचारमा इजरायली शासनलाई वाशिंगटनको असीमित समर्थनसँग जोडेको छ ।

अन्सारुल्लाहको कथन अनुसार, इरानमाथिको आक्रमण अन्तर्राष्ट्रिय कानून र सिद्धान्तहरूको स्पष्ट उल्लङ्घन हो, जसले क्षेत्रीय र अन्तर्राष्ट्रिय दुवै स्तरमा तनाव बढाउनेछ। अन्सारुल्लाहको पोलिटब्युरोका सदस्य हिजाम अल-असदले पनि चेतावनी दिएका छन् कि अमेरिकाले आफ्नो कार्यको परिणाम भोग्न तयार हुनुपर्छ ।

इजिप्ट

कायरोको विदेश मन्त्रालयले इरानमा पछिल्लो घटनाक्रमको बारेमा चिन्ता व्यक्त गर्दै एक विज्ञप्ति जारी गऱ्यो। मन्त्रालयले चेतावनी दिएको छ कि तनावको तीव्र वृद्धिले क्षेत्रीय र अन्तर्राष्ट्रिय दुवै स्तरमा सुरक्षा र शान्तिमा गम्भीर परिणाम ल्याउनेछ। कायरोले राजनीतिक समाधान खोज्नुपर्ने आवश्यकतामा जोड दियो, वार्ता नै संकटबाट बाहिर निस्कने एक मात्र उपाय हो भन्ने कुरा उल्लेख गर्दै ।

कुवेत

परराष्ट्र मन्त्रालयले इरानको आणविक सुविधाहरूमा अमेरिकी आक्रमणप्रति चिन्ता व्यक्त गर्दै कुवेत सरकारले आशंकाको साथ क्षेत्रीय विकासलाई नजिकबाट निगरानी गरिरहेको बताएको छ। मन्त्रालयले संवादको आवश्यकतालाई जोड दिँदै तनाव र सैन्य अपरेशनहरू पूर्ण रूपमा बन्द गर्न पनि आह्वान गरेको छ ।

प्यालेस्टिनी प्रतिरोध समूहहरू

प्यालेस्टिनी प्रतिरोध आन्दोलनहरूले पनि अमेरिकी आक्रमणको निन्दा गर्दै र इरानसँग ऐक्यबद्धता व्यक्त गर्दै छुट्टाछुट्टै विज्ञप्ति जारी गरे ।

हमासले इरानको भूभाग र सार्वभौमिकता विरुद्ध संयुक्त राज्य अमेरिकाको स्पष्ट आक्रमणको कडा निन्दा गऱ्यो, इस्लामिक गणतन्त्र आफ्नो सार्वभौमिकताको रक्षा गर्न सक्षम छ भन्ने आश्वासन व्यक्त गर्दै ।

इस्लामिक जिहाद आन्दोलनले आक्रमणको लागि अमेरिकाको आलोचना गऱ्यो, तिनीहरूलाई इरानी राष्ट्र विरुद्ध युद्धको स्पष्ट घोषणाको रूपमा लेबल लगायो। आन्दोलनले एक विज्ञप्तिमा भन्यो कि अमेरिकी प्रशासन अन्य देशहरूमा प्रभुत्व जमाउने नीतिहरूको कारण क्षेत्रीय राष्ट्रहरूको प्राथमिक शत्रु हो ।

प्यालेस्टिनी मुजाहिदीन आन्दोलनले अमेरिकी हवाई आक्रमणको निन्दा गऱ्यो, इजरायली शासन र संयुक्त राज्य अमेरिका दुवैलाई विश्वमा आतंकवादको वास्तविक स्रोतको रूपमा वर्णन गर्दै, जसले शान्ति र स्थिरतालाई खतरामा पार्छ ।

बोलिभिया

राष्ट्रपति लुइस अल्बर्टो आर्से क्याटाकोराले आफ्नो ह खातामा एक पोस्टमा अमेरिकी आक्रमणलाई विश्वासघाती र आक्रामकको रूपमा निन्दा गरे। उनले भने कि आक्रमणहरूले पश्चिम एसिया क्षेत्र र विश्वमा शान्तिलाई मात्र खतरामा पार्दैनन् तर अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्र संघको बडापत्रको पनि उल्लङ्घन गर्छन् ।

रूस

रूसी विदेश मन्त्रालयले पनि एक विज्ञप्ति जारी गर्दै इरानी आणविक स्थलहरूमा अमेरिकी आक्रमणको निन्दा गरेको छ।

आक्रमणहरूलाई "गैरजिम्मेवार" भनेर वर्णन गर्दै विज्ञप्तिमा भनिएको छ कि तिनीहरू अन्तर्राष्ट्रिय नियमहरू, संयुक्त राष्ट्र संघको बडापत्र र संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्तावहरूको विरुद्धमा गएका छन् ।

सबैभन्दा चिन्ताजनक कुरा के हो भने आक्रमणहरू संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को स्थायी सदस्यद्वारा गरिएको हो, मन्त्रालयले थप्यो ।

# इरानले अमेरिकी आक्रमणको जवाफ दिने अधिकार सुरक्षित राख्छ : इरान



संयुक्त राष्ट्र संघका लागि इरानका स्थायी प्रतिनिधि र राजदूत अमिर सईद इरावनीले तेहरानले आफ्नो रक्षा गर्ने र अमेरिका र इजरायलीको स्पष्ट आक्रमणको जवाफ दिने आफ्नो वैध अधिकार सुरक्षित राखेको बताएका छन् ।

इरानले संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठकमा १५ सदस्यीय निकायलाई इरानको आणविक स्थलहरूमा अमेरिकाले गरेको यो स्पष्ट र गैरकानूनी आक्रमणको कार्यलाई सम्बोधन गर्नू आह्वान गर्दै अनुरोध गरेको छ ।

बैठकमा बोल्दै इरावनीले भने कि अमेरिकाले यस क्षेत्रमा आतंकवादलाई समर्थन गरिरहेको बेला इरानले आफ्नो रक्षा गरिरहेको छ ।

उनले थप जोड दिए कि इरान विरुद्धको अमेरिकी दाबी सत्य होइन र कानुनी होइन, बरु राजनीतिक हो। इरानको आईआरजीसी कुद्स फोर्सका कमाण्डर शहीद कासिम सुलेमानीको हत्या गर्ने अमेरिकी कारबाही आतंकवादी कार्य थियो र उनी, जो इस्लामिक गणतन्त्रको आधिकारिक बल थिए, उनको हत्या गरिएको थियो ।

अमेरिकी आक्रमणहरू बिना कारण थिएनन्, तर युरोप, बेलायत, फ्रान्स र जर्मनीका कार्यहरू र निर्णयहरू, साथै क्ष्ब्ब्ब् महानिर्देशकको पक्षपाती व्यवहारका कारण गरिएका थिए। इरान अर्को चरणको कूटनीतिक वार्ताको तयारी गरिरहेको बेला, अर्को चरणको वार्ता सुरु हुनुभन्दा अघि नै जियोनिस्ट शासनले इरान विरुद्ध आक्रमण गरेको इरावनीले जोड दिए ।

'हाम्रा विदेशमन्त्री युरोपेली ट्रोइकासँग वार्ता र कुराकानी गरिरहेका थिए जब यो अमेरिकी कार्यले वार्तालाई नष्ट गर्यो। इरानले वार्ताको टेबल छोडेको छैन भने कसरी वार्ताको टेबलमा फर्कन सक्छ ?'

इस्लामिक गणतन्त्र इरानले एक स्वतन्त्र र शान्तिप्रेमी देशको रूपमा युद्धको पक्षमा उभिएको अमेरिकी शासनलाई यस दलदलमा नपर्न बारम्बार चेतावनी दिएको भन्दै, इरावनीले थपे, 'अब, अन्तर्राष्ट्रिय कानूनको आधारमा इरानले संयुक्त राज्य अमेरिका र यसको प्रोक्सी, इजरायली शासनको यो स्पष्ट आक्रमणको विरुद्धमा आफ्नो रक्षा गर्ने आफ्नो वैध र पूर्ण अधिकार सुरक्षित राख्छ। इरानको समानुपातिक र पारस्परिक प्रतिक्रियाको समय, प्रकार र आयामहरू हाम्रा सशस्त्र सेनाहरूले निर्धारण गर्नेछन् ।

## संसदवादबाट...

जुन १८७१ को पेरिस कम्युन नामले प्रसिद्ध छ, जहाँबाट मार्क्स ठूलो अनुभव बटुल्न सफल भएका थिए। लेनिन आफ्नो टिप्पणीमा भन्दछन् । "कम्युन काम गर्नको निम्ति एउटा संस्था थियो। कार्यकारी र कानुन निर्माण एकै साथ गर्ने संसद मात्र थिएन ।"

कुनै पनि देशको संविधानले निर्वाचन तोकेको समयमा गराउने (कही ३, कतै ४-५, र ६) गर्दा थिए गर्दछ। संसदमा बहुमत प्राप्त दल सरकारको प्रतिनिधि, जसरी तसरी बढी संख्या हत्याउनु मुख्य उद्देश्य, त्यसपछि उक्त दललाई कार्यकाल भर बहुसंख्यक जनतालाई शोषण, दमन गर्न बाटो खुल्ने गरेको मार्क्सले देखे, अर्कोतिर "कम्युन" जनसेवा वा उसलाई गास, बास, कपास रोजगारी उपलब्ध गराउन व्यस्त रहेको पनि उनलाई प्रशस्त जानकारी भयो। चारैतिर सामाजिक अहंकार र अवसरवादको बाहुल्यताले गर्दा १८७१ मा संसदवाद प्रति उनले गरेको मार्मिक आलोचना सबै अवसरवादीहरूलाई पचेको थिएन। उनीहरू मार्क्सवादलाई अल्मल्याउन, भ्रमित गर्न चाहन्थे पछि लेनिन भन्दछन् । त्यसैले सबै शोषण, दमनकारीहरू संसदवाद विरोधीहरूलाई अराजकतावादीको विल्ला लगाई दिए । यो उनीहरूको मार्क्सवादलाई नष्ट गर्ने मुख्य अस्त्र हुन गयो । यसमा नक्कली समाजवादीहरू जुन वैज्ञानिक समाजवादका कट्टर विरोधी हुन सर्वहारावर्गका प्रतिकूल देखा परे। संसदवादको आलोचना बुझ्न सहन असक्षम (पेरिस कम्युन अनुभवबाट मार्क्स ) तर्क र तथ्यभन्दा अन्य काल्पनिक आरोपबाट भ्रम सिर्जना गर्ने उद्देश्य रह्यो । १८७१ सम्बन्धमा मार्क्सले गरेको आलोचना अहिले पनि उपयुक्त पाइन्छ । (लेनिन)

संसदवादका विपक्षीहरू, यसबाट समाजवाद सम्भव हुँदैन यस्तो तर्क पेश गर्नेलाई लगाईएको आरोपमा मूल उद्देश्य मार्क्सवाद नष्ट गर्नु त्यसमा विश्वासीहरूलाई हत्तोसाह गर्नु बाहेक अरु केही होइन, यो त उनीहरूको रणनीति सफलतामा लैजाने, कार्यनीति नै बन्न गएको छ। उनीहरूले यो बुझ्न पर्दछ । संसदवाद विरोधीहरू संसदको विपरीत कहिले पनि छैनन र यसले गराउने गरेको निर्वाचन सिद्धान्तको विपरीत पनि छैनन् उनीहरू त खाली यो प्रतिनिधिमूलक संस्थालाई गफगाफ गर्ने, मनोरञ्जन गर्ने थलो बनाउनुको सट्टा यसलाई काम गर्ने बहुसंख्यक जनताको राष्ट्रको हित हुने काम गर्ने ठाउँ बनाउन मात्र चाहन्छन् ।


यसरी यो संसदलाई गफ गर्ने थलो बनाउनुको मतलव अरु केही रहेन-यसको मुख्य उद्देश्य जनतालाई मूर्ख बनाउनु र त्यसबेलाको मार्क्सको टिप्पणी नेपाल लगायत सम्पूर्ण संसदीय व्यवस्था भएका देश अमेरिका, बेलायत, भारत, फ्रान्स, स्वीट्जरल्याण्ड, नर्वे र अन्य महाद्वीपका देश अफ्रिका, दक्षिण अमेरिकी देशहरूमा यथावत छ, जस्तोको तस्तै छ। यो गफ गर्ने थलोबाट निर्मित सत्तालाई जनताका आधारभूत समस्यातिर ध्यान दिन कहिले पनि फुर्सत हुँदैन । यसको गहिरो दृष्टि मुट्ठीभर समूह १० देखि १५ प्रतिशततिर मात्र जान्छ । जबकि मार्क्सवादले यो प्रतिशतलाई जनता मान्दैन । उसले त यिनलाई खुनी जुका, शोषण, दमनकारीको रूपमा मात्र स्वीकार गर्दछ ।

पेरिस कम्युनले सुरु गरेको सर्वहारा क्रान्ति र यसले निर्माण गरेको सत्ता यद्यपि उपनिवेशवादी र विश्वका प्रतिक्रियावादीहरूको अपवित्र गठबन्धनले अत्यन्त छोटो समयमा नै फ्याँकिदियो तर मार्क्स र उनका निकटतम एंगेल्सलाई मार्क्सवाद सिर्जना गर्ने कार्यमा अत्यन्त ठूलो अनुभव, ज्ञान प्राप्त हुन सक्यो, पछि अक्टोबर क्रान्ति सफलतामा पुराउन लेनिनलाई अति ठूलो आधार हुन गयो ।

सर्वहारा क्रान्तिको शिक्षाको जग बसाल्न सफल पेरिस कम्युन अक्टोवर क्रान्ति सम्पन्न गर्न र मुक्ति संग्राममा विजय प्राप्त गर्न पनि ठूलो आधार मिल्न गएको छ, मार्क्सले निकाल्नु भएको संसदवादको सम्बन्धमा निष्कर्ष अहिले एक्काइसौं शताब्दीसम्म पनि रत्तिभर फरक छैन- उनले भनेका थिए कार्य गर्ने संख्या कहिले हुन सक्दैन। त्यही आज पनि छँदैछ, दिनप्रतिदिन प्रशस्त नमुनाहरू प्रमाणहरू फेला परिरहेका छन् । एउटा सानो लेखमा केही उदाहरण उद्धरण दिनाले मात्र पाठकले के बुझ्न सक्छ र ? लेख्नेले सबै विवरण दिन नसक्ने, पढ्नेले सबै बुझ्न नसके यस्तो अवस्थामा अल्प ज्ञान मात्र पाइन्छ। त्यसैले व्याख्या, विश्लेषण पनि त्यसै अनुसार गरिन्छ। यो त एउटा संकेत मात्र हो । अरु विषयवस्तु संकलन गर्ने, अध्ययन गर्ने काम त पाठकको नै हो। पुँजीवादी शक्ति र त्यसले सर्वहारा भूमिहीन किसान र अन्य निम्न वर्गीय जनतामाथि गरिएको शोषण, दमन नेपाल लगायत सम्पूर्ण विश्वमा छिपेको छैन ।

एउटा प्रश्न सुरुदेखि अहिलेसम्म सर्वसाधारण जनतालाई भ्रम पार्न उठाइन्छ -त्यो के भने सम्पत्तिविहीन रोजगार विहिन जनताले पनि यस्तो ठूलो जिम्मेवारी कहिले समाल्न सक्छ ? यो असम्भव कुरा हो। कुरो त्यसो होइन। योग्यता, क्षमता, जताकतै चाहिन्छ, तर त्यो योग्यताले कुनवर्गको प्रतिनिधित्व कुन वर्गको गर्छ भयंकर पुँजीपतिवर्ग, भूमिपतिको कि बहुसंख्यक जनता जो आफ्नो जीविको लागि मात्र विभिन्न क्षेत्रका उत्पादनमा लागेका छन् । सक्रिय छन् कुशल छन् । तिनको मुख्य कुरा सर्वहारावादी दृष्टिकोण हो। जसले समाजवादतिर पुराउँदछ, जहाँ बहुसंख्यक जनतामाथि गरिने शोषण, दमन, अन्याय, कुरीति पूर्ण रूपले वर्जित हुन्छ । त्यसैले सर्वहारा क्रान्तिमान यस्तो क्रान्तिको जहाँबाट समाज रूपान्तरणको यात्रा प्रारम्भ हुन्छ। संसदीय व्यवस्था अथवा संसदबाट सम्बन्धमा माथि केही लेखिएको छ । त्यहाँ पाइयो कि यो बहुसंख्यक जनताको निम्ति कार्य गर्न संस्था कदापी रहेन, त्यसैले भन्नुपऱ्यो संसदीय व्यवस्थाबाट समाजवाद कहिले प्राप्त गर्न सकिँदैन। वास्तविक जनता र जनप्रतिनिधि हुन पहिले नै भनी सकिएको छ ।

# ‘अभावको असार’तिर फर्केर हेर्दा


● मित्रलाल पञ्जानी ●

**महिला पुरुष दुवैले सँगै गएर खेत रोप्ने सन्दर्भले पति पत्नीका बीचमा शिरको स्वामी र पाउकी दासी ठान्ने सामन्ती समाजको व्यवहारलाई अस्वीकार गरेको छ । श्रममा समान आस्था हुनु प्रगतिशील पक्ष हो । असारको हिलोमा लडीबुडी खेल्न रमाइलो मान्नु कर्मशील किसान जीवनको निसान पनि हो । यो कविताको पुरुषको नजरमा पत्नी मर्यादित स्थानमा छिन् । यहाँ उनले पुरुषको सम्पूर्ण प्रेम र विश्वास प्राप्त गरेकी छिन् । पैसा नभएर मागेका चीज किन्न नसक्ने भएपछि सकिएन भन्नै पर्थ्यो । बढी बढी मागी भनेर अपशब्द बोलेर हृदयमा बेसरी चोट पर्ने गरि गाली गर्न पनि सकिन्थ्यो । उसले चित्त पटक्कै नदुखाउने र मर्म छ्याङ्ग बुझ्उने गरि बोलेको छ । सर्वज्ञताको अहंकारले भरिएर खुब जान्ने भएर कुनै अर्ती दिएको छैन । बरु प्रेमी हृदय खुलस्त भएर पोखिएको छ । आफ्नो अवस्थालाई प्रस्टै देखिनेगरि सम्मुखमा लगेर थपक्क राखिदिएको छ । यो नै यस कविताको प्रगतिशील पक्ष हो ।**

अध्ययन र अनुभव थपिँदै जाँदा जीवनबोध र जगत्बोधको चित्र र चरित्र पनि बदलिँदै जाँदो रहेछ । समयक्रममा चेतनास्तर उकालिँदै जाँदा आफ्नै पूर्व रचनाका कमजोरीहरू आफैले देख्न थालिँदो रहेछ । आज म आजभन्दा चालिस वर्ष अघि आफैले लेखेको र २०४५ सालमा प्रकाशित ‘उम्रन्छन् आँसुका वृक्ष’ कविता सङ्ग्रहमा सङकलित आफ्नै कविताको समीक्षा गर्न बसेको छु । कविता यस्तो छ :

*अभावको असार*
*पैसा छैन धेरै खर्च नमाग न सानी*
*मर्म बुझ्‌ आँखाबाट नखसाल पानी*
*पानी मीठो झ्नाको बोली मीठो तोते*
*बैँस आफै राम्रो हुन्छ किन चाहियो पोते !*

*लडीबुडी खेलौँजस्तो असारको हिलो*
*खेत रोप्न जान पर्‍यो नगर न ढिलो*
*सकैँभने पुऱ्याउँला हृदयको धोको*
*भकारीमा धान भए को बस्छ र भोको !*

*हाँसीमुख खान पाए मीठो हुन्छ पाती*
*रुखो शब्द कैल्यै पनि नबोलेको जाती*
*दुःख गरि उब्जाएको मकै आँटो पिठो*
*अर्कासित माग्नभन्दा यै छ खान मीठो !*

*डाली राम्रो चरी बसे बाली राम्रो फले*
*साँझ्‌ राम्रो बत्ती बले गरो राम्रो खले*
*मान्छे राम्रो नमातेको भान्छे राम्रो दानी*
*मन मिले त्यसै राम्रो हाम्रो जिन्दगानी !*

यो एकथर मान्छेद्वारा निकै रुचाइएको र अर्काथर मान्छेद्वारा निकै आलोचित कविता हो । यो कवितामा एउटा नाम नखुलेको पुरुष पात्र बोलेको सुनिन्छ । नाम खुलेकी तर कवितामा देखा नपरेकी महिला पात्र सानीलाई उक्त पुरुषले प्रेमपूर्वक सम्झइबुझइ गरिरहेको छ । महिला के बोलिन् भन्ने कुरा कविताले सोझै बताउँदैन । पुरुषले दिएको प्रतिक्रियाबाट सजिलै अनुमान लगाउन सकिन्छ : उनले गहना किनिदिन अनुरोध गरेकी छिन् । कवितामा पोते गहनाहरूका प्रतीकका रूपमा आएको छ ।

एकातिर धेरै खर्च गर्न पैसा नभएको कुरा र अर्कातिर असारमा खेत रोप्न गई भकारीमा धान हुने कुराले यो निम्नमध्यमवर्गीय किसान परिवार हो भन्ने बुझिन्छ । कविताको सिङ्गो परिवेशले यो कुनै गाउँको कुरा हो भन्ने थाहा पाइन्छ । नातासंवोधन कतै नखुलेको भए पनि कविताको भावभङ्गिमाले यिनीहरू पतिपत्नी भएको कुरा सजिलै बुझ्न सकिन्छ ।

‘मर्म बुझ्‌ आँखाबाट नखसाल पानी’ भन्दै यो कविताले महिलालाई पुरुषको कृपामा बाँचेकी अबुझ्‌ रुन्चे पात्रका रूपमा चित्रण गरेको छ । पुरुषसित पैसा नमागी उनले पोते लगाउन पनि पाउँदिनन् । उनको आफ्नै कमाई हुन्थ्यो भने यसरी माग्दिनथिन् । पुरुषलाई महिलासित पनि राम्रो व्यवहार गर्ने, मीठो बोल्ने र अभावमा पनि दुःखी नहुने सन्तोषी पात्रका रूपमा चित्रण गरेको छ । इट्ट हेर्दा कविताले सङ्केत गरेको दाम्पत्य प्रेमले भरिपूर्ण छ । तर वास्तवमा यसले महिलालाई न्याय दिन सकेको छैन । लैङ्गिक हिसाबले उनलाई झन् कमजोर बनाउने कविताका रूपमा पनि चित्रण गर्न सकिन्छ । निरन्तर एकपक्षीय रूपमा प्राप्त सहानुभूतिले मान्छेलाई मनोवैज्ञानिक रूपले दुर्वल बनाउँछ । यहाँ पुरुष नै जान्नेसुन्ने र हर्ताकर्ता छ । अर्ती दिने काम फेरि पनि पुरुषकै भागमा परेको छ । कवितामा महिलाउपर दुर्वचन र दुर्व्यवहार कतै देखिँदैन र पनि स्वनिर्भर स्वाभिमानी मनोरचना निर्माण गर्ने दिशामा व्यवहारिक फड्को मार्न नसकेका कारण कविताले यथास्थितिको चक्करलाई छिचोलेर अगाडि बढ्न नसकेको तथ्य स्वीकार गर्नु पर्ने हुन्छ ।

महिला पुरुष दुवैले सँगै गएर खेत रोप्ने सन्दर्भले पति पत्नीका बीचमा शिरको स्वामी र पाउकी दासी ठान्ने सामन्ती समाजको व्यवहारलाई अस्वीकार गरेको छ । श्रममा समान आस्था हुनु प्रगतिशील पक्ष हो । असारको हिलोमा लडीबुडी खेल्न रमाइलो मान्नु कर्मशील किसान जीवनको निसान पनि हो । यो कविताको पुरुषको नजरमा पत्नी मर्यादित स्थानमा छिन् । यहाँ उनले पुरुषको सम्पूर्ण प्रेम र विश्वास प्राप्त गरेकी छिन् । पैसा नभएर मागेका चीज किन्न नसक्ने भएपछि सकिएन भन्नै पर्थ्यो । बढी बढी मागी भनेर अपशब्द बोलेर हृदयमा बेसरी चोट पर्ने गरि गाली गर्न पनि सकिन्थ्यो । उसले चित्त पटक्कै नदुखाउने र मर्म छ्याङ्ग बुझ्उने गरि बोलेको छ । सर्वज्ञताको अहंकारले भरिएर खुब जान्ने भएर कुनै अर्ती दिएको छैन । बरू प्रेमी हृदय खुलस्त भएर पोखिएको छ । आफ्नो अवस्थालाई प्रस्टै देखिनेगरि सम्मुखमा लगेर थपक्क राखिदिएको छ । यो नै यस कविताको प्रगतिशील पक्ष हो ।

यो कविताले वर्तमान समयको नयाँ यथार्थलाई बोक्न सक्तैन । समय बदलिएको छ । हरक्षेत्रमा नवजागरण आएको छ । थरथर काँप्दै दुई हात जोडेर जदौ भन्दै हिड्ने दलितहरू बन्दूक बोकेर हजारौं वर्षसम्म दलिएको बदला लिन व्यग्र भई गृह त्यागेर युद्ध मैदानमा झ्के । जीवनमा पहिलोचोटि मानव हुनुको महत्तम अनुभव गरे । दासी बनाइएर लुटिएका महिलाहरू पनि लुटेरा मालिकहरूलाई हाँक दिँदै त्यसै गरि रणमैदानमा उत्रे । अहिलेको समयले आर्थिक रूपले स्वनिर्भर स्वाभिमानी महिला पात्र माग गरेको छ । तसर्थ यो नयाँ युगको प्रतिनिधि कविता हुन सक्तैन । यो कविताले मुक्तिको मार्गचित्र कोर्दैन । फेरि पनि, खास विशेषताको समाजमा यो प्रगतिशील कविता नै हो, त्यस्तो समाज, जहाँ महिलासित मीठो बोल्नै हुँदैन, पति ‘हजूर’ भनिन्छ, पत्नी ‘तँ’ भनिन्छे, जहाँ पुरुषले रक्सीतासमा समय बिताउँछ र महिला दिनरात काममा जोतिन्छे, जहाँ कहिल्यै पनि मनको मेल हुँदैन ।

यसको भाषा सरल छ । शैली रोचक छ । मान्छेहरूले असाध्यै मन पराएर ध्यान दिएर पढ्दछन् र सुन्दछन् । त्यसरी पढिनु र सुनिनुको मूल कारण जीवनसित यसमा उठाइएको विषयसम्बन्धको व्यापकता र प्रस्तुतिको कलात्मकता नै हो । ‘सत्य यसो हो, नरोऊ’ भन्ने अर्थ दिनका निमित्त कविताले ‘मर्म बुझ्‌ आँखाबाट नखसाल पानी’ भनेको छ । कवितामा रमरम श्रृङ्गारिकता र रागजन्य कटाक्षको पनि गन्ध पाइन्छ । ‘बैँस आफै राम्रो हुन्छ’ भन्नु त्यसैको परिणाम हो । यहाँ त्यही रागात्मक चेतनाले गर्दा केही विभ्रम पनि पैदा भएको छ । केही अनर्थ पनि लाग्न गएको छ । बैँस गहना नलाए पनि राम्रो हुन्छ भन्नुले बाल्यकाल र बुढेसकाल राम्रो हुन गहना चाहिन्छ त भन्ने प्रश्न उठाउन सक्ने ठाउँ छोडिदिएको छ । बैँस मात्र होइन बाल्य पनि आफै राम्रो हुन्छ । बुढेसलाई नराम्रै भनेर परिभाषित गर्न पनि मिल्दैन । त्यसका पनि केही विशिष्ट उपयोगी गुणहरू हुन्छन् । बाल्य, बैँस र बुढेस जीवनका अनिवार्य चरण हुन् । यी आ-आफ्ना स्थानमा सुन्दर छन् । यी कुनै पनि उपेक्षणीय छैनन् । आ-आफ्ना चरणका विशिष्ट गुणलाई विशिष्ट योग्यताका साथ उपयोग गरिनु पर्दछ ।

मन मिलेको दाम्पत्य नै सबभन्दा सुन्दर हुन्छ भन्ने सन्देशलाई पुष्टि गर्न लोकजीवनका अनुभूति र विम्बहरूलाई टिपेर लोकलयमै कविता रचिएको छ । चरी बसेको डाली, फलेको बाली, बत्ती बलेको साँझ्‌, खले गरो, नमातेको मान्छे र दानी भान्छेको सन्दर्भ तालमेलपूर्ण लयप्रवाहमा ढालिएको छ । यसैबाट एउटा मनमोहक सौन्दर्यको सृष्टि भएको छ । यो नै यसको सबभन्दा सबल पक्ष हो ।

प्रगतिवादी दृष्टिकोणबाट हेर्दा यी दुवै चरित्र यथास्थितिवादी हुन् । यी दुवै पात्र परिवर्तनका पक्षमा उभिन सकेका छैनन् । भए खाने, नभए भोकै बस्ने तर अर्कासित माग्न नजाने आशयको अभिव्यक्तिले पुरुष पात्रको आदर्शवादी स्वाभिमानलाई प्रकट गरेको छ । परिश्रम गरेर मानवोचित जीवन बाँच्न पाउने आफ्नो अधिकारप्रति सचेत देखिदैन ।

कठोर परिश्रम गर्दागर्दै पनि गुजाराका निमित्त धौ धौ हुने कमजोर आर्थिक अवस्थाको मूल कारण समाजको संरचनागत प्रणालीमा खोजिनुपर्नेमा विनाजिज्ञासा र विनाखोज जे मिल्छ त्यसैमा सन्तोष मान्ने पाठमै सीमित रहनु यसको दुर्बल पक्ष हो । युगीन फड्को मार्ने युगान्तकारी चेतको अभावमा समाधानप्रधान बन्न नसकेर समस्याप्रधानतामै रुमल्लिइरहेको यो कविता सारतः यथास्थितिवादी परम्पराकै मियोमा घुमिरहेको देखिन्छ ।

❑ यो साता कविता

## विशालकाय भ्रम र पटाक्षेप


❑ रामप्रसाद जैशी

*पोलिएपछि रूकुम खाराका वस्ती,*
*सोचेका थिए होलान् उनीहरू*
*कि रूक्नेछन् अब सानी भेरीहरू बग्न*
*छोड्नेछन् रूकुमेली बतास बहन*
*कालै हुनेछन् खाराहरू*
*थरहरी हुनेछन् जेलबाङहरू*
*र आत्मसमर्पण गर्नेछन् थबाङहरू*
*छोपिदा आकाश बादलले*
*के घाम उदाउनै छोड्थ्यो र ?*
*जतिसुकै अँध्यारो भए पनि औँसीको रात*
*पूर्व लाली डाकेरै छोड्छ प्रभात ।*

*दागिएपछि अनेकोटमा च्याङ्बा लामाहरू*
*विश्वस्त थिए होलान् उनीहरू*
*कि थामिनेछन् बज्न सारङ्गी, मादल र हार्मोनियम*
*रूक्नेछन् थर्कन कलाकारका खुट्टामा पैजन र चापहरू*
*अब सक्किने छन् मान्छेका सपनाहरू*
*फेरि पड्कने छैनन् मुङभरामा सङ्गीता, नमुनाहरू*
*र आत्मसमर्पण हुनेछन् गोरखाहरू*
*बेरेर थाङ्नाले डोकोलाई*
*के बिर्सन्थ्यो होला र भाले बास्न ?*
*उभ्याएर जतिसुकै अग्लो बाँध, रोके पनि नबग्न*
*विद्युत बनेर बल्छ झलमल झिम्रुक झन् सधैँ सधैँ ।*

*दौडाएपछि किलो सेरा टू*
*निर्धारण गरेपछि टाउकाको मोल*
*निर्धक्क थिए होलान् उनीहरू*
*कि सकिनेछन् युवाका काँध, आत्मविश्वास र सौर्य*
*बिक्नेछन् अनन्तसम्म आफ्ना फरमानहरू*
*घोकाइनेछन् केवल महाराजहरूका इतिहास*
*र आत्मसमर्पण हुनेछन् मङ्गलसेन र पाल्पाहरू*
*छोपिदा आकाश बादलले, के घाम उदाउनै छोड्थ्यो र ?*
*पारित गरेपनि जतिसुकै डरलाग्दा विधेयकहरू*
*इस्पात भएर ठडिन्छ झन् आरनमा निल्दै कोइलाहरू ।*

*सापटी बोकेर थेम्स पारीको सेतो दरबारको बुद्धि*
*निश्चिन्त थिए होलान् हिटी र सिंहदरबारहरू*
*तर समयलाई कोल्टे फेर्ने बनाए बरमझिया, सुखानीहरूले*
*बगिरहे सेती, राप्ती,*
*सुसेलिइरहे अरूण, तमोरहरू*
*ठडीइरहे सगरमाथा, शैलुङ र रामारोसनहरू*
*बने अनन्त कीर्तिमान, पिली, दाङ, सन्धिखर्कहरू*
*उठेर मुट्ठी, कलम, ज्याबल, गोला, बम, बारूदहरू*
*मिलेर हली, गोठाला र रोपाराहरू, शिक्षक, पत्रकारहरू*
*बलिदानको अञ्जुलीमा थापेका छन् अलिकति सामल*
*पर्खंदै नयाँ बिहानको सुन्दर घाम ।*

*र ठीक यो बेला,*
*कृष्ण सेन, उमेश थापा र सेतु विकको सालिक छेउमा उभिएर*
*महको लेपनभित्र सजाइएको कलात्मक ऐजेरू बाँडिरहेको*
*वीरेन्द्र सभागृहको छलछाम हेर्दै आफन्तसँग प्रश्न गर्न मन छ*
*कि लगानी र प्रतिफलको हिसाबकिताब त दुरूस्त छ ?*
*र यही बेला कोर्चाबाङ्को सहिद स्तंभ छोएर, माडीखोला हेर्दै*
*शंकाको सुइँलाई फनफनी घुमाउन मन छ*
*कि गन्तव्य उहीँ हो वा उतैउतै हो*
*बाटो उही हो वा उस्तैउस्तै हो ?*
*कतै उनीहरूबाट बुनिने षड्यन्त्रका नागबेलीमा पो परियो कि ?*

*घोराही १८ नवलपुर दाङ ।*

## छाउपडि प्रथाको अन्त गरौं


❑ करण दयाल

*रूखको जराबाट फुट्ने पानी भगमान हुने*
*सुत्केरी महिलालाई अछुत मानेर छुन नहुने*
*वाउ मेरो देश गणतान्त्रिक कानुन लागू भको*
*स्वतन्त्रता देश हो महिला भने बन्चित हुने*

*छोरी मान्छे महिनावारी हुँदा घर प्रवेश छैन*
*आठदिन सम्म भान्से कोठा जान मिल्दैन*
*महिनावारी भएको चारदिनमा नुहाउनु मिल्छ*
*गोरूको गाठमा सुतिन्छ घरभित्र प्रवेश हुदैन ।*

*महिनावारीमा सफाइ नहुन बिमारी भका छन*
*चारदिन परिरहने रगतले क्यान्सर पीडित हुन्छन्*
*गाई गोरूको गोठमा सुतेका बेला सर्पले टोकेर*
*मरेका महिलाहरू गणना गर्यौं भने धेरै हुन्छन् ।*

*नव शिशुको जन्महुदा बाईस दिन गोठ धान्नपर्छ*
*२२ दिन पछि नव शिशु घर भित्र प्रवेश गराउनुपर्छ*
*२२दिनमा ब्राह्मणले पानीका छिटा मन्तर गरेर*
*गाइको पिसाब घर छर्केर आमा शिशु चोखिनु पर्छ ।*

*गाइको पिसाब दिनदिनै आमाले नुहाएर खानुपर्छ*
*२२ दिन सम्म बच्चा चोख्याउनु यी काम गर्नुपर्छ ।*
*२२ दिनसम्म गोठबाट बाहिर जाँदा घरआगनमा*
*ढुङ्गाका फटकेतरमा खुट्टा राखेर बाहिर जानुपर्छ ।*


*हाम्रो देशमा महिलाका लागि सहुलियत यहि हो*
*देशका नारीहरूको दुर्गामि जटिल पीडा यही हो।*
*गणतान्त्रिक देशमा आत्मारक्षाका सवालहरूमा*
*कसैको ध्यान छैन भनिरहेका छौ सबै सम्मान हो।*

*छाउपडि प्रथा सबै जाति भेषभुषामा छदैछ*
*छाउपडि प्रथा अन्त हुनुपर्नेमा टड्कारो हुदैछ।*
*यो प्रथाले महिलाहरूमा सारै पीडा दायक बोध*
*भएको छ यो प्रथा झन्पछि झन् हट्नु पर्छ ।*

*जटिल दुर्गामि समस्याले महिला ओझेलमा छन्*
*महिलाहरूको एकताले मात्र समाधान हुने छन्।*
*महिलाहरू सबै तह र तप्काबाट एकताको भाव*
*पलाउनु जरूरी छ महिलाहरू एकता जरूर हुनेछन् ।*

# जनसम्बन्ध विस्तार अभियानमा बटुलिएका अनुभव

**भीम चापागाई**
**पिविएम तथा ८ नं. व्यूरो इन्चार्ज,**
**क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल**



क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको र नम्बर व्यूरो अन्तर्गत धादिङ, नुवाकोट र रसुवा जिल्ला पर्दछन् । ८ नम्बर व्यूरोमा हामीले दुई चरणको कार्यक्रम बनाएका थियौं । पहिलो चरणमा व्यूरो स्तरबाट सबै जिल्ला र पालिकामा जाने र दोस्रो चरणमा केन्द्रबाट आएका टोलीहरूको कार्यक्रमलाई सफल पार्ने । यस व्यूरोमा पश्चिमबाट आएका दुई टोलीहरू कृष्णराज पौडेलले नेतृत्व गरेको टोली नुवाकोटबाट र हेमन्तप्रकाश ओली सुदर्शनले नेतृत्व गरेको टोली धादिङबाट प्रवेश गरेका थिए ।

प्रचारात्मक दृष्टिकोणले कार्यक्रम सफल भएको छ । पर्चा वितरण, भित्ते लेखन, पत्रकार सम्मेलन, कोणसभा, अन्तर्क्रिया लगायतका कार्यक्रमहरू भएका छन् । तर संगठनको काम गर्न सम्भव भएन । अव हामीले यसपछि संगठनलाई व्यवस्थित गर्ने, जनतालाई संगठनमा ल्याउने, जनताका मुद्दा उठाएर संघर्ष अगाडि बढाउने कार्यक्रम अगाडि सार्नुपर्दछ ।

**सुरेश श्रेष्ठ (प्रवेश)**
**पिविएम तथा १० नं. व्यूरो इन्चार्ज,**
**क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल**



१० नं. व्यूरोमा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप र दोलखा सहित ५ वटा जिल्ला पर्दछन् । हामीले यस व्यूरोमा तीन तहको जनसम्बन्ध विस्तार अभियान संचालन गर्‍यौं ।

केन्द्रीय स्तरबाट आएको टोली, क्षेत्रीय व्यूरोबाट गठन भएको टोली र जिल्लास्तरको टोली । हामीले अभियानमा हाम्रो पार्टीका नेता, कार्यकर्ता, समर्थक बाहेक कांग्रेस, एमाले, मा.के. का मानिसहरूलाई पनि अभियानमा भेट्यौं ।

एक जना कांग्रेस रामेछापको भ्वाँसा भन्ने ठाउँमा ८५ वर्षीय वीरबहादुर तामाङलाई हामीले भेटेका थियौं । उनले वि.पि.ले मुक्ति सेना विघटन गर्नु र माओवादीले जनमुक्ति सेना विघटन गर्नु दुवै काम गलत भएका बताएका थिए ।

अहिले पनि जनताका समस्याहरू समाधान नभइसकेकाले संघर्ष जरुरी छ भनेर उनले भनेका थिए । वीरबहादुर तामाङ २००७ सालमा नेपाली कांग्रेसको मुक्ति सेना बनेर हिंडेका रहेछन् ।

दोलखाको जखे भन्ने ठाउँमा सन्जीव सार्की मारिएका रहेछन् । उत्पीडित समुदायका भएकै कारण उनले न्याय पाउन सकेका छैनन् । अदालतमा मुद्दा चलिरहेको छ । गाउँघरमा यस्तो कैयौं उत्पीडन र अत्याचारका घटना हामीले सुन्यौं ।

लघुवित्त पीडित, मिटरव्याज पीडित, सहकारी पीडितका दुःखका कथा पनि हामीले सुन्यौं । विगतमा जनता साहु महाजनबाट शोषणमा परेका हुन्थे भने अहिले विभिन्न खालका वित्तिय संस्थाहरूले जनतालाई शोषण गरेका छन् ।

कतिपय जनताले हाम्रो अभियान देखेर जनयुद्धको स्मरण भयो, यसरी नै जनताको बीचमा स्मरण भयो, यसरी नै जनताको बीचमा जाने कार्यक्रम बनाउन पर्‍यो भनेका थिए ।

गाउँका प्रायः युवाहरू या त विदेश गएका छन् या त शहर पसेका छन् । गाउँमा जमिनहरू बाँझिएका छन् । पार्टीको विचार, राजनीति र कार्यदिशालाई सशक्तरूपले जनताका बीचमा लागु गर्ने गरी कार्यक्रम पार्टीले ल्याउनुपर्दछ ।

**दीपक शाही(प्रकाश उर्जा)**
**वैकल्पिक पि.वि.एम. तथा ३ नं. व्यूरो सचिव, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल**

बाँके र बर्दिया सहित साविकको कर्णाली अञ्चललाई हाम्रो पार्टीले ३ नं. व्यूरो मानेको छ । ३ नं. व्यूरोमा जनसम्बन्ध विस्तार अभियानको दुईवटा केन्द्रीय टोलीलाई

*बाँकी ८ पेजमा*

## नो किङ्को...

लागेतापनि यसको अन्तर्यमा अमरिकामा बढ्दो आर्थिक संकट, आप्रवासी समस्या स्वास्थ्य समस्या लगायतका विषयहरू प्रमुख रूपमा रहेको पाइन्छ। सतहमा हेर्दा डेमोक्रेटिक र रिपब्लिकनबीचको दुरी बढेर समस्या निम्ताएको जस्तो देखिए। धनी र गरिबबीचको आर्थिक खाडल बढ्दै गैरहेको आम नागरिक स्वास्थ्योपचारमा घट्दो पहुँच, रोजगारीको समस्या लगायत मुद्दाहरूले अमेरिकी समाजलाई नयाँ ढंगबाट आन्दोलित हुन प्रेरित गरिरहेको छ।

अहिलेको लगभग ३३ करोड जनसंख्यामध्ये ४ करोड गरिबीको रेखामुखी रहेका छन्। लगभग २ करोड अमेरिकीहरू स्वास्थ्य बिमाबाट बञ्चित रहेको अवस्था छ।

## क्रान्तिकारी...

केदार खतिवडा, जिल्ला सचिवालय सदस्य सागर भण्डारी, पेशल दाहाल र जिल्ला सदस्य प्रवेश सम्मिलित प्रतिनिधि मण्डलले ज्ञापन पत्र बुझाएको हो।

काठमाण्डौ शहरको ढलको समस्या,बाटोघाटो, जग्गा जमिनको समस्या, भूमिहीन सुकुम्बासीको समस्या समाधानको विषय , विचौलियाको समस्या लगायतको विषयलाई समेटेर ५७ बुदे ज्ञापन पत्र बुझाइएको छ।ज्ञापन पत्र बुझ्दै तिवारीले महत्वपूर्ण विषय उठाएकाले यी विषयलाई आफूले गम्भीरतापूर्वक लिएको बताउनु भयो।

## क.प्रतापको...

सन्ततिले प्राणोत्सर्ग गरेको चर्चा गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापित नभईकनै जनयुद्धको समाप्तिको घोषणा गर्नु र शहीदहरूको रगतबाट निर्मित महान जनमुक्ति सेनाको विघटन गर्नु समग्र नेपाली कम्युनिस्ट आन्दोलनप्रतिको गद्दारी भएको बताउनु भयो। उहाँले क्रान्तिकारी लक्ष्यबाट विचलित भएका संशोधनवादहरूले प्रतापको स्मरण गर्नु सम्पुर्ण क्रान्तिकारी र क्रान्तिप्रेमी जनतालाई गुमराहमा पार्ने नाटक भएको पनि स्पष्ट पार्नभयो। क्रान्तिप्रतिको निष्ठा र त्यागलाई क्रान्तिकारीहरूले अवलम्बन गरी क्रान्तिकारी विचार र सिद्दान्तको जगमा क्रान्तिको पहलकदमीमार्फत संघीय जनगणतन्त्र स्थापना गरेर मात्र प्रतापको सपना साकार हुने र यसका निम्ति क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले पहल बढाइरहेको बताउनु भयो।

कार्यक्रममा ब्यूरो सेक्रेटरी सोमान, जिल्ला ईन्चार्ज गोविन्द लगायतको नेताहरूको आतिथ्यता रहेको थियो। रीतबहादुर खड्का(क.प्रताप)को २०५९ असार २ गते रौतहटको पिपरामा हत्या भएको थियो।

## इरानमाथि...

छ। यस स्थितिमा गएको रातिमात्र अमेरिकी साम्राज्यवादले समेत आणविक हतियारको बहानामा इरानमाथि आक्रमण गरेको छ। यो गम्भीर युद्ध अपराध हो। यसको हामी घोर निन्दा एवं भर्त्सना गर्दछौँ। अमेरिकी आक्रमणबाट विश्वयुद्ध निम्त्याउने दुष्प्रयास गरेको देखिन्छ।'

साम्राज्यवादी विश्वयुद्ध र युद्धआतंकको विरोध गर्दै अविलम्ब युद्धविराम गरी विश्वशान्ति कायम गर्न माग समेत गरिएको छ। यस्तै विश्वशान्तिका लागि संयुक्त राष्ट्र सङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त र अन्तर्राष्ट्रिय कानुनहरूको आधारमा शान्तिपूर्ण ढङ्गले समस्याहरूको समाधान खोजिनुपर्ने जारी वक्तव्यमा उल्लेख छ।

अमेरिकी र इजरायली आक्रमणको विरोध गर्न, स्वाधीन राष्ट्रहरूको पक्षमा उभिन र इजरायल तथा इरानमा रहेका नेपालीहरूको सुरक्षाका लागि अविलम्ब पहल गर्न सरकारसँग जोडदार माग समेत गरिएको छ।

## क्रान्तिकारी युवा...

भिउ थापाले राख्नुभएको थियो।

उद्घाटन कार्यक्रम सम्पन्न भएलगत्तै बन्द सत्रमा परिणत भएको राष्ट्रिय भेलाको बन्दसत्रका लागि सूर्य तिमल्सिना, असल वाइवा र संगीन भिउ थापा रहेको तीन सदस्यीय अध्यक्ष मण्डल बनाइयो। बन्द सत्रमा सूर्य तिमल्सिनाले प्रतिवेदन र दोर्ची शेर्पाले अन्तरिम विधान प्रस्तुत गर्नुभएको थियो। छलफलपछि हलबाट प्राप्त सुझावहरूलाई समेट्ने गरी प्रतिवेदन र अन्तरिम विधान बन्द सत्रले पारित गर्‍यो।

त्यसपछि बन्द सत्रले ३९ सदस्यीय राष्ट्रिय सम्मेलन आयोजक कमिटि निर्वाचित गर्‍यो। राष्ट्रिय सम्मेलन आयोजक समितिको पहिलो बैठक जेष्ठ सदस्य राजेन्द्र न्यौपानेको अध्यक्षतामा बस्यो। उक्त बैठकले संगठनको संयोजकमा सूर्य तिमल्सिना र सहसंयोजकमा दोर्ची शेर्पालाई निर्वाचित गर्‍यो।

बैठकले सूर्य तिमल्सिना, दोर्ची शेर्पा, असल वाइवा, संगिन भिउ थापा रहेको पाँच सदस्सीय सचिवालयको पनि गठन गरेको छ। राष्ट्रिय भेलाद्वारा नवनिर्वाचित सम्मेलन आयोजक समितिलाई पार्टीका कार्यवाहक महासचिव गौरव र स्थायी समिति सदस्य रामसिंह श्रीसले प्रशिक्षणात्मक मन्तव्यसहित बधाई दिनुभयो। संगठनका कतिपय आवश्यक बाँकी निर्णय सचिवालयले गर्ने गरी भेला समापन भएको घोषणा गरियो।

## जनपक्षीय...

नाफामुखी मिडियाहरूकै भीडभाड छ। उनीहरू नाफाको लागि, फाइदाको लागि दिनरात सत्ता, शक्तिको अनि बहुराष्ट्रिय कम्पनीहरूको दलाली गर्छन्। उनीहरूलाई धम्क्याएर, घुर्क्याएर आफ्ना मिडिया कम्पनीहरूको अर्थोपार्जन गर्छन्। अनि 'जिसका दाना, उसका गाना' भनेजस्तै अधिकांश नाफामुखी मिडियाको कन्टेन्ट तिनै 'दाना'वालाहरूले निर्धारण गर्ने गर्दछन्। 'नाफा' र 'फाइदा'को दौडमा उनीहरूले आफ्नो राष्ट्र र जनताप्रतिको दायित्व र जिम्मेवारी बिर्सिएका हुन्छन्। त्यतिमात्र होइन 'नाफा' र 'फाइदा'का लागि उनीहरूले देश र जनता हितविपरीत पनि सौदाबाजी गर्न पछि पर्दैनन्। यो पुँजीवादी बुर्जुवा मिडियाहरूको खास विशेषता हो। यही भीडको विषाक्त प्रभावबाट नराम्ररी प्रभावित हुन पुगेको छ नेपालको तथाकथित जनपक्षीय मिडिया र पत्रकारिता पनि। नाम जनवाद र समाजवादको, धन्दा पुँजीवादी अराजकतावादको। निजी लाभ र फाइदाको।

आज चौतर्फीरूपमा मिडिया र पत्रकारहरूको डरलाग्दो दलालीकरण भइरहेको छ। सत्ता, शक्ति र विदेशी शक्तिकेन्द्रको नाङ्गो दलाली। जसरी राजनीतिक पार्टीहरू, नेताहरू, कर्मचारी प्रशासन लगायत सिंगो राज्यको दलालीकरण तीव्र बनेको छ, त्यसैगरी राज्यको चौथो अंग भनिने 'मिडिया र पत्रकार' सबैभन्दा बढी 'बिकाउ बस्तु'मा परिणत भएका छन्। राष्ट्र र जनहितविरुद्ध पनि उनीहरू विदेशी शक्तिहरूको स्वार्थखातिर सहजै बिकिदिन्छन्।

देशको बौद्धिक र सचेत तप्काको समेत यो हालत हुनुमा प्रमुख दोष राज्यको हो। राज्यका शासकहरू गतिला नहुँदा उनीहरूले गति छाड्दा, नागरिक तहमा पनि एक किसिमको अराजकता पैदा हुँदै आएको छ।

यहाँ सबै मिडिया र पत्रकार बिकाउ छन्, वा विकेका छन् भन्न खोजिएको होइन तर जो नाफा वा फाइदालाई केन्द्र बनाएर स्थापित भएका छन् वा हुन्छन्, उनीहरू आफ्नो फाइदाको लागि जुनसुकै बेला बेचिन र किनिन सक्छन्।

तर जुन मिडियाहरू सेवाभाव वा सार्वजनिक हित, देश र जनताको हितलाई केन्द्रविन्दु बनाएर स्थापित भएका छन्, ती मिडियाहरू बिकाउ हुँदैनन्। जनपक्षीय मिडियाहरू वास्तवमा सेवामुखी मिडियाहरू हुन् र हुनुपर्दछ। यस्ता मिडियाहरूको बाँच्ने प्रमुख आधार जनपंक्ति हुनुपर्दछ। 'जनताद्वारा, जनताको लागि' भन्ने अवधारणाबाट निर्देशित हुन जरुरी छ।

शोषित, उत्पीडित, उपेक्षित, दमित जनसमुदाय, जो राज्यको मूलधारबाट सीमान्तकृत छन्, जो आवाजविहिन अवस्थामा छन्, उनीहरूको आवाज बन्ने पत्रकारिता हो- जनपक्षीय पत्रकारिता। खातापिता वर्गको वकालत त कर्पोरेड मिडियाहरूले गरिरहेकै हुन्छन्। सत्ता र शक्तिको वरिपरि पनि गोलचक्कर तिनै मिडियाहरूले गरिरहेकै हुन्छन्।

जनपक्षीय मिडिया र पत्रकार जनपक्षीय राजनीतिक तथा सामाजिक आन्दोलनका सर्जक पनि हुन् र सहयात्री पनि। उनीहरूको लक्ष्य नाफामुखी मिडिया र पत्रकारको भन्दा पृथक र उद्देश्य फरक तर स्पष्ट हुन्छ। साझा लक्ष्य र सामुहिक सहकार्य, सापेक्षिक न्याय र समानता, त्याग, तपस्या र बलिदान, सर्वहारावर्गीय आदर्शपूर्ण जीवनशैली र कार्यशैली, विचारमा स्पष्ट र कार्यमा निपूर्ण, अजेय क्रान्तिकारी आशावाद र असाधारण प्रतिकूलताबिच अनुकूलताको खोजी गर्ने तीक्ष्णता अनि सम्झौताहिन वर्गहितको पक्षमा कठोरतापूर्वक वकालत गर्न सक्ने क्षमताले युक्त मिडिया र पत्रकारहरूको उत्पादन जनपक्षीय आन्दोलनका प्रमुख दायित्व हो।

कार्लमार्क्सदेखि माओसम्म, भियतनामदेखि अफनानिस्तानसम्म, पेरुदेखि नेपालसम्म जनवादी/समाजवादी आन्दोलन तथा राष्ट्रिय मुक्ति आन्दोलनमा मिडिया र पत्रकारहरूले खेलेको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन। आजको सूचना प्रविधि त्यसमा पनि एआईको दुनियाँमा त झन् अत्याधुनिक प्रविधिलेयुक्त जनपक्षीय पत्रकारहरूको उत्पादन अपरिहार्य आवश्यकता बनिसकेको छ। एआईको पछिल्लो आविस्कारले आम जनसर्वसाधारणलाई पनि ठूलो र शक्तिशाली आवाज अभिव्यक्त गर्ने 'प्लेटफर्म' दिएको छ। प्रविधिको भरपूर प्रयोग गरी संगठित र योजनाबद्ध रूपमा 'शक्तिशाली वैकल्पिक' मिडिया आउटलेट तयार पारेर त्यसलाई आमूल परिवर्तनकारी तथा क्रान्तिकारी आन्दोलनको लागि 'श्रेष्ठ परिचालन' गर्न जरुरी छ। आजको दुनियाँमा मिडियाले एकसाथ संगठनकर्ता, जनमत निर्माण कर्ता, विचार निर्माणकर्ताको भूमिका खेलिइरहेको छ। परिवर्तित परिस्थितिलाई ख्याल गर्दै जनपक्षीय मिडियाहरूको संरक्षण र सम्बर्द्धनमा योजनाबद्ध पहल नलिने हो भने जनपक्षीय आन्दोलन सबल रूपमा अगाडि बढ्न सक्दैन। यसतर्फ सम्बन्धित सबैको विशेष ध्यानाकर्षण हुन जरुरी छ।

## नेपालको...

बीचमा सहकार्य र संयुक्त मोर्चा मात्र होईन एकीकरण र ध्रुविकरणको दिशामा अगाडी बढ्नु पर्दछ। साथसाथै ती मुद्दाहरूमा संघर्ष र आन्दोलनमा आउन सक्ने र चाहने सबै पक्षहरूसंग व्यापक सहकार्य र कार्यगत एकता गरेर अगाडि बढ्नु पर्दछ।

त्यसरी नै हामीले नेपालमा नयां जनवादी क्रान्ति सम्पन्न गर्ने दायित्व पूरा गर्दै विश्व क्रान्तिको दिशालाई अगाडी बढाउनमा समेत थप योगदान दिन समर्थ हुनेछौं। त्यसो गरेर नै हामीले नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालले लिएका उदेश्य र विचारबाट शिक्षालिन सक्नेछौं। र सही अर्थमा वहां प्रति सम्मान प्रकटगर्न सक्नेछौं।

## क्रान्तिकारी कम्युनिस्ट...

अन्तर्गत हुने भ्रष्टाचार विरोधी आन्दोलनले भ्रष्टाचारको न्यूनीकरण गर्न त संभव छ तर निर्मूल गर्न सक्दैन। देशमा संस्थागत ढंगले फैलिंदै गएको भ्रष्टाचारलाई न्यूनीकरण गर्न र त्यसका विरुद्ध जनतालाई सुसुचित गर्न हामीले भ्रष्टाचार विरोधी अभियान संचालन गर्न आवश्यक ठानेका हौं। देशलाई सधैका लागि भ्रष्टाचारबाट मुक्त गर्न हामीले संघीय जनगणतन्त्रको खुड्किलो पार गरी वैज्ञानिक समाजवादको स्थापना गर्नु अनिवार्य छ। वैज्ञानिक समाजवादले मात्र भ्रष्टाचारको पूर्ण उन्मुलन गर्नेछ।"

**कहाँ कहाँ गरियो**
**त अभियानको उद्घाटन ?**

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले जुलुस, सभा, कोण सभा, ज्ञापन पत्र प्रस्तुत गर्दै भ्रष्टाचार विरोधी अभियानको प्रारम्भ गरेको छ। हामीलाई प्राप्त विवरण अनुसार निम्न जिल्लाहरूमा भएका छन् भ्रष्टाचारविरोधी अभियानको उद्घाटन :

***बाँके***

क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले बाँकेमा प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीलाई ज्ञापनपत्र बुझाएको छ। केन्द्रीय पर्चा, ३ नम्बर व्यूरोले तयार पारेको २१ बुँदे भ्रष्टाचार हुने क्षेत्र तोकेको पर्चासहित जिल्ला सेक्रेटेरी गुणानिधि आचार्यले हस्ताक्षर गरेको ज्ञापनपत्र सिडिओलाई बुझाइएको हो।ज्ञापनपत्र बुझाइसकेपछि भेरी अस्पताल चोकमा कोणसभा गरिएको थियो। कोणसभामा प्रमुख वक्ता पार्टीका बैकल्पिक पोलिटव्युरो सदस्य तथा ३ नम्बर ब्युरो सचिव दीपक शाही हुनुहुन्थ्यो। कोणसभामा पार्टी जिल्ला सेक्रेटरी आचार्यले पनि सम्बोधन गर्नु भएको थियो भने सञ्चालन विक्रम भण्डारीले गर्नु भएको थियो।

***काभ्रेपलान्चोक***

असार ५ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल १० नं। क्षेत्रीय ब्युरोले बनेपामा आयोजना गरेको पत्रकार सम्मेलनमा भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्न लागेको बताइयो। ब्युरोले एक विज्ञप्ति प्रकाशित गरी भ्रष्टाचारविरुद्ध निर्मम ढंगबाट उत्रने जानकारी दिएको छ। उक्त विज्ञप्तिमा भनिएको छ- 'हाम्रो देश भ्रष्टाचारबाट आक्रान्त भएको छ। देशमा भ्रष्टाचार नभएको र नहुने कुनै निकाय छैन। मन्त्रालय, प्रशासनिक तथा स्थानीय निकायहरू, अड्डा अदालत, प्रहरी प्रशासन, विकास निर्माणका काम जहाँ जाउँ त्यहाँ भ्रष्टाचार छ, घुसखोरी ब्याप्त छ। घुस नदिँदासम्म जनताले सामान्य एउटा सिफारिस पनि पाउँदैनन्। यसलाई नियन्त्रण गर्ने निकाय देशको सरकार हो। तर स्वयम् सरकार नै भ्रष्टाचारमा संलग्न रहँदै आएको छ।' विज्ञप्तिमा थप भनिएको छ - 'देशमा विकासको काममा गति दिनका लागि भ्रष्टाचारलाई रोक्नु पहिलो सर्त हो। तर स्वयम् सरकार, त्यसमा संलग्न पार्टी तथा हिजो सरकारमा र अहिले प्रतिपक्षमा रहेका पार्टीका नेताहरू समेत संस्थागत भ्रष्टाचारको पक्षमा भएको हुनाले आम जनता नै भ्रष्टाचारीका विरुद्ध संघर्षमा नउत्रिएसम्म देशमा भ्रष्टाचार कम हुनेवाला छैन।' क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल १० नम्बर ब्युरोका अनुसार ब्युरो अन्तरगतका काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, सिन्धुली लगायतमा अभियान सञ्चालन गर्ने तयारी छ।

***कास्की***

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ७ नम्बर क्षेत्रीय व्यूरोले भ्रष्टाचार विरोधी अभियानको एक पत्रकार सम्मेलन सङ्गै उद्घाटन गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि पार्टीका वैकल्पिक पोलिट्ब्तुरो सदस्य तथा व्यूरोका सेक्रेटरी नारायण अधिकारीले पार्टीको एकता महाधिवेशनले पारित गरेको लाइन अनुरूप अहिले जनसङ्घर्सको चरण सुरु भएको बताउनु भयो। यो चरणको अवधि पार्टीको सचेत प्रयत्न, नेता कार्यकर्ताको आत्मगत परिस्थिति र जनताको चेतनाको आधारमा तय हुने बताउनु भयो। पार्टीले अन्तिममा बल प्रयोगको सिद्धान्तलाई स्वीकार गर्दै शसस्त्र जनविद्रोह मार्फत नयाँ जनवादी क्रान्ति हुँदै वैज्ञानिक समाजवादमा जाने राजनैतिक कार्यदिशाको बारेमा बताउनु भयो। कार्यक्रममा पत्रकारहरूले राखेका जिज्ञासाको उत्तर दिने काम पनि प्रमुख अतिथि नारायण अधिकारीबाट भएको थियो।

केन्द्रीय सदस्य तथा ब्युरो सचिवालय सदस्य आकाश गौतमको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत मन्तव्य केन्द्रिय सदस्य तथा ब्युरो सचिवालय सदस्य बाबुराम सुवेदी र संचालन केन्द्रिय सदस्य तथा सचिवालय सदस्य बिक्रम थापाले गर्नु भएको थियो। कार्यक्रममा महान शहिदहरू प्रति एक मिनेट मौन धारण पनि गरिएको थियो।

***रुपन्देही***

असार ५ गते बुटवल, बसपार्कबाट क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, रूपन्देही जिल्ला समितिको आयोजनामा भ्रष्टाचार विरुद्धको अभियान शुरूभएको छ। कार्यक्रमको संचालन जिल्ला समिति सदस्य बिक्रम नेपाली,अध्यक्षता केन्द्रिय सदस्य दयाराम खनाल ,प्रमुख अतिथि स्थायी समिति सदस्य सन्त बहादुर नेपाली हुनुहुन्थ्यो।अतिथि अखिल भारत नेपाली एकता समाजका सचिव नारायण शर्मा, मनोज थापा अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रिय सदस्य हुनुहुन्थ्यो। प्रमुख अतिथि सन्त बहादुर नेपालीले भ्रष्टाचार विरोधी अभियान गाउँ गाउँमा जनताको माझमा लाने बताउनु भयो। वहाँले , न्यायपालिका कार्यपालिकाले काम गर्न सकेन , अख्तियारले आफ्नो विधि विधान रहेर काम गर्न सकेन , आज ज्युँदो मान्छे जलाउनेहरू निर्धक्क रूपमा हिंड्न् दुर्भाग्य हो, आज युवा विद्यार्थी विदेश पलायन दरलाग्दो , संसदमा सत्ता पक्ष र प्रतिपक्ष भ्रष्टलाई जोगाउन एकजुट जनताको समस्याको विषयमा पुर्वाग्रही बने, सरकारले प्रतिशोधको राजनीति गर्यो आफ्नोलाई जोगाइराख्ने तरिकाले भ्रष्टाचार नियन्त्रण हुदैन ,भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गरिनुपर्दछ भन्ने भनाई राख्नु भयो।

***चितवन***

चितवनमा भ्रष्टाचार विरोधी अभियानको शुरुवात २०८२ असार ५ गतेदेखि भएको छ। चितवनमा कोणसभा गर्दै भ्रष्टाचार विरोधी अभियानको शुरुवात भएको छ। कोणसभाको उद्घोषण क्रान्तिकारी कम्युनिष्ट पार्टी जिल्ला समिति सदस्य कुलप्रसाद रिजालले गर्नु भएको थियो। कार्यक्रमका वक्ताहरूमा जिल्ला सचिव घनप्रसाद सापकोटा , क्रान्तिकारी किसान महासंघ नेपाल जिल्ला संयोजक प्रकाश खनाल लगायतले सम्बोधन गर्नु भएको थियो।

***दाङ***

क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल दाङले भ्रष्टाचार विरोधी अभियानको उद्घाटन गरेको छ। कार्यक्रमको सन्चालन दीपक विष्टले सन्चालन र ४ नं व्यूरो सचिव समीर सिंह र नवीन खड्काले कार्यक्रमको सम्बोधन गर्नु भएके थियो। बोल्नेक्रममा वक्ताहरूले देशमा राज्य सञ्चालकहरूदेखि सबै नै भ्रष्टाचारमा लिप्त भएकाले त्यसको विरोध गर्नुका साथै संलग्नलाई कारवाहीको माग समेत गर्नु भयो।

***नुवाकोट***

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ८ नं ब्यूरोले नुवाकोट जिल्लामा भ्रष्टाचार विरोधी अभियान उद्धाटन गरेको छ। ८ नंबर ब्युरोका सचिव रमेश पौडेलले उद्घाटन गर्नुभएको अभियान कार्यक्रमको संचालन नुवाकोट जिल्ला सचिव अर्जुनलाल श्रेष्ठले गर्नुभएको थियो।कार्यक्रममा रसुवा जिल्ला सचिव बद्री चापागाईंको पनि उपस्थिति रहेको थियो। अभियान उद्घाटन कार्यक्रममा दर्जनौं संचारकर्मीहरू र नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

***नवलपुर***

नवलपुरमा भ्रष्टाचार बिरोधी अभियानको उद्घाटन गरिएको छ। २०८२ असार ५ गतेका दिन क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल ११ नम्बर ब्यूरो अन्तरगत नवलपुर जिल्लाले जिल्लाको सदरमुकाम कावासोती स्थित शहीद पार्कमा भ्रष्टाचार बिरोधी अभियानको उद्घाटन गरेको छ। जिल्ला सचिव उत्तम थापाको अध्यक्षता तथा केन्द्रीय सदस्य लेखनाथ पौडेलको सञ्चालन पछि ज्ञात अज्ञात शहीदहरूको सम्मानमा १ मिनेट मौनधारण गरिएको थियो।

राजनैतिक परिषद सदस्य तथा ब्यूरो सचिव अशोक लम्साल प्रमुख अतिथि रहनु भएको उक्त कार्यक्रममा केन्द्रीय सदस्य धनपती ज्ञवाली, ज्योतिनारायण सुवेदी, श्याम कुमाल तथा अखिल भारत नेपाली एकता समाजका सचिवालय सदस्य ईन्द्र भेटालको आतिथ्यता रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि अशोक लम्सालले भ्रष्टाचार बिरोधि अभियानको बिषयमा प्रकाश पार्दै देश भ्रष्ट र कमिसनखोरबाट आक्रान्त छ , जुनसुकै निकाय पनि भ्रष्टाचारबाट मुक्त छैन , हामी त्यस्ता ब्याक्ति संघ सस्था आदिको अध्ययन गरि जनस्तरबाटै कडा भन्दा कडा कार्वाही गर्दै जाने कुरा राख्नु भयोभने कार्यक्रममा ज्योतिनारायण सुवेदी , श्याम कुमाल आदिले मन्तव्य राख्नु भएको थियो। अन्तमा आफ्नो मन्तव्य सहित उत्तम थापाले कार्यक्रमको समापन गर्नु भएको थियो।

***इटरहरी***

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल १५ नम्बर ब्युरोले भ्रस्टाचार विरोधी अभियान इटरहरी २०८२ असार ५ गते उद्घाटन गरेको छ। असार ५ गते सुनसरीको इटहरीमा एक कार्यक्रमको आयोजना गरी सो अभियानको उदघाटन गरेको छ। इटहरी उपमहानगरपालिका अगाडी आयोजित भ्रस्टाचार विरुद्धको अभियान उदघाटन कार्यक्रमको संचालन इटहरी नगर सचिव बेनु बुढाथोकीले गर्नु भने सभालाई सम्बोधन जिल्ला सदस्यीय रबिकिरणले गर्नु भयो।

***रौतहट***

रौतहटमा पनि अभियानको उदघाटन गरिएको छ। प्रल्हाद साहको सञ्चालनमा गरिएको कार्यक्रमलाई महेश यादवले सम्बोधन गर्नुभएको थियो।

***काभ्रे***

काभ्रेमा पत्रकार सम्मेलनमार्फत् अभियानको उद्घाटन गरिएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका १० नं ब्यूरोका इन्चार्ज सुरेश श्रेष्ठ र ब्यूरो सचिव सोमान तामाङले अभियान सुरु भएको घोषणा गर्नुभएको थियो। इन्चार्ज श्रेष्ठले तीन 'ज' जनसम्बन्ध, जनप्रतिरोध र जनविद्रोहको मोडलमा अभियान सञ्चालन हुने जानकारी दिनुभयो।

उहाँले पहिलो चरणमा जनताबाट भ्रष्टाचारीहरूको सूचि संकलन गर्ने, उनीहरूमाथि कारबाही गर्न जिल्ला प्रशासन कार्यालयलाई दबाब दिने र सुनुवाई नभए जनप्रतिरोध गर्ने र अन्तिममा जनविद्रोहमार्फत् जनकारबाही अगाडि बढाउने बताउनु भयो।

**यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !**

www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

# आलोपालो

## नो किङ्को व्यानरमा अमेरिका आन्दोलित

***सहायता बोकेर गाजामा प्रवेश गर्न खोज्ने ट्रकहरूलाई इजरायली सेनाले प्रवेश रोक लगाउँछ । भोक र प्यासले मर्नेहरूको संख्या दिनानु दिन बढिरहेको छ । खाना अभावमा ३ सयको संख्यामा बच्चाहरू मरेको भन्ने खबर छ । बच्चाहरू निर्दोष ,भोलिका संसारका सन्तानहरू दिनानुदिन मारिनु परेको छ । भविष्य सिँगार्ने हात र दिमागहरू बम र ड्रोनहरूले उडाइएको छ ।***



● सि.पि. शर्मा ●

संसारभरी एकछत्र दादागिरीको नाइके बन्ने अभिप्राय बोकेको ट्रम्प नेतृत्वको अमेरिका(युएसए) यतिबेला आफै आन्दोलनको चपेटामा परेको छ। करिव दुई साता अघिबाट अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासन नीतिविरुद्ध क्यालिफोर्निया राज्यको लसएन्जलसबाट शुरु भएको आन्दोलन यतिबेला ५० वटै अमेरिकी राज्यमा फैलिएको छ। अमेरिकी संघीय राजधानी वाशिंटन डि.सी., न्यूयोर्क, शिकागो, फ्लोरिडा, कोलोराडो न्यूजर्सी, पेन्सीलभजिया सियाटल, सनफ्रान्सीस्को, एटलान्टा, भर्जिनिया सहित देशका अधिकांश ठूला शहरहरूमा व्यापक प्रदर्शनहरू हुने गरेका छन्। यो दुई साताको अवधिमा ५० वटै राज्यमा साना ठूला गरेर दुई हजार भन्दा बढी विरोध प्रदर्शनका कार्यक्रमहरू भएका छन्। उक्त विरोध प्रदर्शनमा लागेका मूल नाराहरू यस्ता छन् :नो किङ्स,हेट वील नट मेक अस ग्रेट ,डिफेन्ड इमिग्रेसन फ्यामिलियर ।

यसबाहेक हजारौं प्लेकार्ड बोकेका नागरिकहरू दैनिक जसो ट्रम्पको विरोधमा प्रर्दशन गरिरहेका छन्। विरोध प्रदर्शन कार्यक्रममा राजनीतिक पार्टीहरू (अमेरिकी कम्युनिस्ट पार्टी, डेमोक्रेटिक पार्टी लगायत) ट्रेड युनियन, अधिकारकर्मीहरू र ठूलो संख्यामा आप्रवासीहरूको सहभागिता रहेको देखिन्छ। प्रदर्शनमा अमेरिकी बाहेक मेक्सिकन झण्डाको अत्यधिक प्रयोग भएको पाइन्छ। प्रदर्शनकारीहरू विरुद्ध सुरक्षाकर्मीले रवरको गोली, अश्रुग्याँस र बलप्रयोग गरेर तितरवितर पार्ने र ठूलो संख्यामा गिरफ्तार गर्दै आएको छ। अहिलेसम्म एक हजारभन्दा बढीको गिरफ्तारी भैसकेको अवस्था प्रदर्शनकारीहरूले पनि प्रहरीमाथि ढुंगा, पानीको बोतल प्रहार गर्दै सडकमा आगजनी गरेर प्रदर्शन गर्दै आइरहेका छन्। प्रदर्शनकारी प्रहरीमाथि जाइलाग्ने गरेको अवस्था छ। अहिले पनि आन्दोलनमा केन्द्रविन्दु लसएन्जलस रहेको छ। यसैबीच मिनीसोटा राज्य सिनेटरको गोली हानी हत्या गरिएको छ। हत्या गरिएका सांसद डेमोक्रेटिक पार्टीका हुन। उक्त गोली प्रहारबाट उनका श्रीमानको पनि हत्या भएको छ। अरु २ जना घाइते भएका आन्दोलनको क्रममा अहिलेसम्म मानवीय क्षति भने नभएको भन्ने बुझिएको छ।

***जुन १४डिसीकोआर्मी परेड***

सन् १७७५ मा अमेरिकी सेनाको स्थापना भएको र त्यसयता अमेरिकामा कुनै राज्य नभएको। ट्रम्पले आफूलाई संविधान। ऐन कानुन भन्दा माथि सम्झेर राजा हुन खोजेको जस्ता विषयलाई लक्षित गरेर प्रदर्शनकारीहरूले अमेरिकी सेनाको २५० औं वर्षगाँठको अवसर पारेर नो किङ्स सिन्स १७७६ भन्ने व्यानर समेत प्रयोग गरेको पाइयो ।जुन १४ कोडिसीको प्रदर्शनमा करिव २ लाख मान्छे सहभागी भएको अनुमान गरिएको छ।

ट्रम्पको निरंकुशता, स्वेच्छाचारिता विरुद्ध सतहमा आन्दोलनमा नारा *बाँकी ७ पेजमा*

## जनसम्बन्ध...

हामीले व्यवस्थापन गर्नु परेको थियो ।

कञ्चनपुर गड्डाचौकीबाट हिंडेको कृष्णराज



पौडेलले नेतृत्व गरेको टोलीले बर्दियाबाट तीन नं. व्यूरोमा प्रवेश गरेको थियो। बैतडीको झुलाघाटबाट हिंडेको सुदर्शनले नेतृत्व गरेको केन्द्रीय टोली दैलेखबाट ३ नं. व्यूरोमा प्रवेश गरेको थियो।

बर्दिया, बाँके हुँदै आएको टोली र दैलेख हुँदै आएको टोली दुवै टोलीको संयुक्त रूपमा समीक्षात्मक कार्यक्रम सुर्खेतमा भएको थियो। त्यो कार्यक्रममा म पनि सहभागी भएका थिएँ। मैले बाँके र बर्दियामा व्यवस्थापकीय कामका केही आधारभूत काम गरेर म सुदर्शनको टोलीलाई स्वागत गर्न अछाम पुगें।

सुर्खेतमा टोलीको संयुक्त समीक्षात्मक कार्यक्रम पछि म कृष्ण पौडेलले नेतृत्व गरेको टोलीसित जाजरकोट, पश्चिम रुकुम, रोल्पा, पश्चिम रुकुम हुँदै बागलुङको सिमाना पातीहाल्नासम्म टोली ६ नं. व्यूरोलाई हस्तान्तरण गरेर म सहित केही साथीहरू टोलीबाट फर्कियौं। गुटजन्य चिन्तनबाट माथि उठेर पार्टीलाई अगाडि बढाउनु पर्दछ।

**दिलबहादुर कठायत (भुकम्प)**
**बैकल्पिक केन्द्रीय सदस्य,**
**क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपाल**

म चैत्र ४ गते गड्डाचौकीबाट जनसम्बन्ध विस्तार अभियानमा सहभागी भएको हुँ। त्यसरी म कञ्चनपुरदेखि कैलाली, बर्दिया, बाँके, सुर्खेत, जाजरकोट, पश्चिम रुकुम,पूर्वी रुकुम,



रोल्पा, बागलुङ, पर्वत, म्याग्दी, कास्कीसम्म यस अभियानमा हिंडे। अभियानमा मैले वालपेटिङ, पर्चा वितरण लगायतको काम गर्नु परेको थियो। मञ्चमा भाषण गर्नु परेको थियो। यो अभियानलाई जनताले निकै रुचाए, सहयोग गरे। जनताले हामीलाई कम्युनिस्टहरू टुटफुट हुनुहुन्न भनेर सल्ला दिएका थिए। मलाई यस अभियानमा अविस्मरणीय घटना बर्दियाको एउटा गाउँमा सहिद परिवार सितको भेटघाट सबैभन्दा बढी बिर्सन नसक्ने घटना हो। बर्दिया जिल्लाको मधुवन नगरपालिकाको वडा नं. १ को डल्ला गाउँमा एउटै घरबाट ६/७ जनासम्म सहिद भएका रहेछन्। त्यस गाउँमा ठूलो संख्यामा जनयुद्धमा सहिद भएका रहेछन्। त्यहाँका सहिद, घाइते, अपांग र बेपत्ता योद्धा परिवारहरूले हामीलाई दर्शाएको गहिरो प्रेम हामी भूल्न सक्ने छैनौं। सही बाटो अपनाएमा सहयोग समर्थन गर्ने हामीलाई वचन दिनु भएको छ। जनयुद्धको आधारभूति रोल्पा, रुकुममा क्रान्तिकारी विचार ह्रास हुँदै गएको घटनाले दुःख लाग्यो। सशक्त र जुझारु कार्यक्रम पार्टीले बनाउनु पर्दछ भन्ने मेरो सुझाव छ।

**दोर्जी शेर्पा**
**सहसंयोजक, क्रान्तिकारी युवा संघ नेपाल**

म जनसम्बन्ध विस्तार



अभियानमा चियोभञ्ज्याङदेखि नै अभियानमा हिंडेको हुँ। म पूरै डेढ महिना यस अभियानमा सक्रिय भएँ। म पूर्व भोजपुर जिल्लाको षडानन्द नगरपालिका वडा नम्बर ९ को हुँ। मेरो आफन्त र नातेदारहरू धेरैको हिमाल आरोहण र ट्रेकिङ सम्बन्धी कम्पनीहरू छन्। म पन बेला बखतमा ट्रेकिङको काममा जान्छु। अन्नपूर्ण ट्रेकिङ क्षेत्रमा मात्र म दश पटक गएको छु। ती आफ्नो कामबाट फुर्सद निकालेर मैले पार्टी र संगठनको काममा ध्यान दिने गरेको छु। यसपटकको जनसम्बन्ध विस्तार अभियानमा मैले वालपेटिङ, नारा लगाउने, पर्चा वितरण लगायतको काम मैले गरें। जनता आमरूपमा निरास भएको पाइयो। निरासाबाट पार पाउन बैकल्पिक शक्तिको खाँचो छ। हामीले त्यसको तयारीमा लाग्नुपर्दछ। म युवा संघमा आबद्ध भएकाले अब छिटै युवा भेला र युवा परिचालनको कार्यक्रम ल्याउनु पर्दछ।


## विपद्को पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
  भूकम्प, बाढी, आगोलागीजस्ता सम्भावित विपदको बारेमा सचेत बनौं,
  सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
  घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
  सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आबद्ध होऔं,
  खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
  विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
  बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बाढी र पहिरोबाट जोगिऔं

**बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौं :**

- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदानप्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**





**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।